मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक
श्रीअन्नु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल
Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : ३११ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असोज १० गते शुक्रबार (Friday, September 27. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भा.रु. : ४/-

सूचना
संघीयताको महत्वपूर्ण सार : मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्यसहित गरौं खबरदार ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# आयुर्वेदमा बेथिति: बल्ल अनुगमन

■ दमकमा प्रमाणपत्र छ, डाक्टर छैनन्

■ बिर्तामोडमा डाक्टर छन्, प्रमाणपत्र छैन



**बिर्तामोड, असोज ९।** जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र चन्द्रगढीले आयुर्वेद क्षेत्रमा देखिएको बेथिति रोक्न अनुगमन शुरु गरेको छ ।

केही समय अघि झापाको दमक-५ रातोपुलस्थित बरदान आयुर्वेद चिकित्सा केन्द्रमा छारसूत्रको उपचारको क्रममा एक महिलाको मृत्यु भएको थियो । अनुमति नै नलिई सञ्चालनमा रहेको आयुर्वेद चिकित्सा केन्द्रमा महिलाको मृत्यु भएपछि पूर्वाञ्चल दैनिकले आयुर्वेद क्षेत्रमा देखिएका समस्या र बेथितिका विषयमा समाचार प्रकाशन गरेको थियो । समाचार प्रकाशन भए लगत्तै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र चन्द्रगढीले दमक र बिर्तामोडमा रहेका आयुर्वेद अस्पताल तथा क्लिनिकहरुको अनुगमन शुरु गरेको हो । सो क्रममा दमकमा पाँच वटा क्लिनिकको अनुगमन गरिएको थियो ।

यता बिर्तामोडमा रहेका ६ वटा स्वास्थ्य संस्थाको अनुगमन गरिएको छ । सो क्रममा बिर्तामोडस्थित ओम धनवन्तरी आयुर्वेद क्लिनिकले भ्रामक बिज्ञापन प्रकाशन गरेर छारसूत्रको उपचार गर्ने गरेको भन्दै तत्काल बन्द नगरे कानून अनुसार कारवाही गर्ने जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र चन्द्रगढीका प्रमुख रवीन्द्र निरौलाले बताए । उनले भने- ॐ धनवन्तरी आयुर्वेद क्लिनिकले मापदण्ड विपरीत कार्य गरेको पाइयो, नियम विपरीत कार्य गरिरहे कानून अनुसार कारवाही गर्दै क्लिनिक नै बन्द गर्न सकिनेछ ।

त्यस्तै माता मनकामना आयुर्वेद क्लिनिकले पनि अवैध रुपमा छारसूत्रको उपचार गरिरहेको पाइएको छ । मापदण्ड विपरीत बिरामीलाई भ्रममा राखेर उपचार नगर्न भनेका छौं- स्वास्थ्य केन्द्र प्रमुख निरौलाले भने- माता मनकामनामा प्रमाणपत्र नै नराखी डाक्टरको बिज्ञापन गरिएको भेटियो ।

त्यस्तै बिर्तामोडमा नै रहेको आयुर्वेदिक काफ्ले क्लिनिकमा डाक्टर नै नभएको पाइएको छ । मापदण्ड अनुसार क्लिनिकहरुले अनिवार्य रुपमा चिकित्सकको व्यवस्थापन गर्नुपर्नेमा चिकित्सक नै नभएको र व्यवस्थापन समेत भद्रगोल अवस्थामा रहेको भन्दै प्रमुख निरौलाले तत्काल सुधार गर्न निर्देशन दिएका छन् ।

त्यस्तै बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टरको समेत अनुगमन गरिएको थियो । चिकित्सकहरुको विवरण अध्यावधिक नभएको तथा डाक्टरहरुको कागजात नभएको भन्दै तत्काल उपलब्ध गराउन प्रमुख निरौलाले निर्देशन दिए ।

यसैगरी रवीन आयुर्वेदिक क्लिनिकलाई भ्रामक बिज्ञापन नगर्न निर्देशन दिँदै उपलब्ध सेवा तथा चिकित्सकको विवरण मात्र राख्न प्रमुख निरौलाले निर्देशन दिए । क्लिनिकमा रहेका डाक्टरको कागजात नभएको भन्दै तत्काल उपलब्ध गराउन उनले निर्देशन दिए ।

उता सुश्रुत आयुर्वेद अस्पताल प्रालिले अनुमति नै नलिई पञ्चकर्म सेवा सञ्चालन गरिरहेको भन्दै तत्काल उक्त सेवा बन्द गर्न निर्देशन दिइएको छ । अस्पतालमा डाक्टर समेत नभएको भन्दै नियमित डाक्टरको व्यवस्था गर्न प्रमुख निरौलाले लिखित निर्देशन दिएका छन् । बिर्तामोडमा रहेका विभिन्न आयुर्वेदिक स्वास्थ्य संस्थामध्ये बिहीवार ६ वटा स्वास्थ्य संस्थाको अनुगमन भएको थियो ।

अधिकांशमा सुधार गर्नुपर्ने पक्ष धेरै रहेको निरौलाले बताए । झापामा सञ्चालित कुनै पनि आयुर्वेद क्लिनिकले छारसूत्रको अनुमति नलिएको र सञ्चालनमा रहेकाले अबैधरुपमा सञ्चालन गरेको पाइएपछि स्थानीय प्रशासनको सहयोगमा त्यस्ता क्लिनिकले अवैध रुपमा सेवा प्रवाह गरेको थाह पाए धरपकड गर्न आग्रह गरिएको प्रमुख निरौलाको भनाइ छ ।

उता दमक-६मा रहेको माता पाथीभरा आयुर्वेदिक फर्माले जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रसँग अनुमति नै नलिई स्वास्थ्य सेवा प्रवाह गरिरहेको पाइएको छ । डाक्टर समेत नभएको भन्दै सो स्वास्थ्य संस्थामा प्रमुख निरौलाले तत्काल सम्पूर्ण कागजात लिएर जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्रमा उपस्थित हुन निर्देशन दिएका छन् ।

त्यस्तै दमकमै रहेको महाकांल जडीवुटीले होर्डिङ वोर्ड समेत नराखी अवैध रुपमा बिरामीलाई ग्यारेन्टीका साथ उपचार गर्ने भन्दै जडीवुटी विक्री वितरण गरिरहेको अनुगमनका क्रममा फेला परेको थियो । जडीवुटीलाई प्याकेजिङ गरेर तीस हजारदेखि ५० हजार रुपैयाँसम्ममा विक्री गर्ने गरेको खुलेको छ । उक्त जडीवुटी केन्द्रलाई अबैध रुपमा जडीवुटी विक्री वितरण नगर्न लिखित रुपमा कागज गराई सुध्रने मौका दिइएको प्रमुख निरौलाले बताए ।

त्यस्तै दमकमै रहेको पवित्रा आयुर्वेदिक क्लिनिक, सुजन आयुर्वेदिक क्लिनिक र खनाल आयुर्वेद क्लिनिकमा डाक्टर नभएको भन्दै डाक्टर उपलब्ध गराएर मात्र सेवा सञ्चालन गर्न लिखित रुपमा निर्देशन दिइएको छ। त्यस्तै गत भदौ २८ गते मृत्यु भएको बरदान आयुर्वेद चिकित्सा केन्द्रका सञ्चालकले आफ्ना सम्पूर्ण सामानहरु लिएर हिँडेको अनुगमनका क्रममा खुलेको छ ।

बिर्तामोडमा गरिएको अनुगमनमा जिल्ला प्रशासन कार्यालयका नायव सुब्बा बलराम वेघा लिम्बू, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका कविराज निरीक्षक हरेन्द्र साह, वैद्य मनोजकुमार पण्डित र बिर्तामोड नगरपालिका स्वास्थ्य शाखा केन्द्रका सहसंयोजक दीपेन्द्र चौधरी, इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी हवल्दार तथा सञ्चारकर्मीसहितको टोलीले अनुगमन गरेको थियो ।

**'बिज्ञापन गर्न अनुमति लेऊ'**

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र चन्द्रगढीका प्रमुख निरौलाले आयुर्वेद सम्बन्धी बिज्ञापन गर्नु परे जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको अनुमति लिन आग्रह गरेका छन् । विभिन्न आयुर्वेद क्लिनिकहरुले सस्तो लोकप्रियता तथा भ्रामक विज्ञापन प्रकाशन तथा प्रशारण गरिरहेको भन्दै उनले त्यस्ता विज्ञापनहरु बन्द गरिदिन सञ्चारमाध्यमसंग समेत आग्रह गरे । उनले भारतको पानीट्याङ्की लगायत विभिन्न

(बाँकी अन्तिम पृष्ठमा)

## बिस्फोटक पदार्थ धमाधम भित्रिँदै



**भद्रपुर, असोज ९।** दशैं र तिहार नजिकिएसँगै नेपालमा प्रतिबन्धित बारुदजन्य पटका (विस्फोटक पदार्थ) तस्करी समूहले सीमावर्ती नाकाबाट भित्र्याउन थालेका छन् ।

खुल्ला सीमा नाकाबाट बारुदजन्य पटका अहिलेदेखि नै भित्र्याउन थालेको भन्दै झापा प्रहरीले सीमा क्षेत्रबाट पटका अर्थात् बिस्फोटक पदार्थ आयात हुन नदिन विशेष निगरानी बढाएको छ ।

यसैक्रममा प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले मेचीनगर र कनकाई नगर क्षेत्रबाट विभिन्न प्रकारका पटका बरामद गरेको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

प्रहरीले बिहीबार बिहान मेचीनगर-६ स्थित तुर्केनीबाट अन्दाजी एक लाख बराबरको बिस्फोटक पदार्थ बरामद गरेको छ । भारतबाट चोरी निकासी गरी भित्र्याइएको विभिन्न किसिमका विस्फोटक पदार्थ इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको छ ।

त्यसैगरी प्रहरीले कनकाई नगरपालिका-५स्थित सुरुङ्गाबाट अन्दाजी ७० हजार मूल्य बराबरको २९ बण्डल बिस्फोटक पदार्थ बरामद गरेको छ । बिहीबार बिहान १० बजे बिर्तामोडबाट सुरुङ्गातर्फ जाँदै गरेको मे१ख १७१२ नम्बरको यात्रुवाहक बस चेकजाँच गर्ने क्रममा बसभित्र कार्टुनमा लुकाई छिपाई राखिएको बिस्फोटक पदार्थ बरामद गरिएको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए ।

तस्कर समूहले जिल्लाको विभिन्न नाकाबाट भित्र्याएको बिस्फोटक पदार्थ तिहार आउनुभन्दा एक महिना अघि नै पूर्वका बजारसहित काठमाडौं र पोखरा लगायतका जिल्लामा पठाउने गरेको बताइएको छ । विगतका वर्षहरू पनि यसरी नै तस्कर समूहले बिस्फोटक पदार्थ भित्र्याउँदै आइरहेकोले यसबर्ष झापा प्रहरीले बेलैमा निगरानी बढाएको प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिए ।

झापासँग जोडिएको भारतको दुई राज्य बङ्गाल र बिहार पर्छ । तर, भारतको बंगालमा पनि नेपाल जस्तै पटका प्रतिबन्धित छ । बिहारमा उत्पादन हुने पटका नै नेपाली बजारमा भित्रिने गरेकाले बिहारसँग जोडिएको सीमा नाकातर्फ प्रहरीले विशेष सुरक्षा निगरानी बढाउनुपर्ने देखिन्छ ।

## डाका गर्दागर्दै हतियारधारी ४ पक्राउ

**धनुषा, असोज ९।** जनकपुर उपमहानगरपालिका-२स्थित दीपक बजाज र अमित अग्रवालको जानकी फर्निसिङ नामको फर्निचर पसलमा डाका गर्दै गरेको अवस्थामा हातहतियारसहित चार जनालाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा भारत विहार सीतामढी बस्ने ४० वर्षीय मोहमद इलयास, भारत बर्गिनिया बस्ने ३९ वर्षीय ओजिर अंसारी, रौतहट वृन्दावन नगरपालिका-१ रमौली बैरिया बस्ने ३५ वर्षीय गगन पटेल र रौतहट गौर नगरपालिका-४ बस्ने ४५ वर्षीय बिनोदप्रसाद सिंह रहेका छन् ।

उनीहरुका साथबाट कटुवा पेस्तोल १ थान, त्यसको गोली २ राउण्ड, ताल्चा काट्ने कटर १ थान, ७ सय रुपैयाँ नगद, ठूलो पेचकस १ थान, काटेको अवस्थामा रहेको पसलमा लगाउने ताल्चा २ थान, उनीहरुले प्रयोग गरेको चप्पल १ थान र मोबाइल १ थान प्रहरीले बरामद गरेको छ ।

उक्त फर्निचर पसलको सटरको ताल्चा काटीभित्र प्रवेश गरी नगद पैसा राख्ने सेफ समेत फुटाइ डकैती गर्दागर्दैको अवस्थामा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिने क्रममा उनीहरु कटुवा पेस्तोल झिकी भाग्न खोज्दा प्रहरीले १ राउण्ड हवाई फायर गरेको थियो । त्यसपछि पुन: गोली फायर गर्दा गोली लागेर बिनोदप्रसाद सिंह घाइते भएका थिए । घाइते बिनोदको जनकपुर अञ्चल अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## सामुदायिक कुकुरलाई रेविजबिरुद्ध खोप

**बिर्तामोड, असोज ९।** बिर्तामोड नगरपालिका, पशुपन्छी शाखाको आयोजना र हार्ट नेपालको प्राबिधिक सहयोगमा बिर्तामोड क्षेत्रमा रहेका सामुदायिक कुकुरहरुको बन्ध्याकरण तथा रेबिजबिरुद्धको खोप लगाउन थालिएको छ । अभियानको गरामनीबाट शुरुवात गरिएको छ ।



यसपटक यहाँका २०० बटा सामुदायिक कुकुरको बन्ध्याकरण गरिने पशुपन्छी शाखा प्रमुख साबित्राकुमारी दाहालले बताइन् । यसका लागि बिर्तामोडका सबै बडामा यो शिबिर सञ्चालन गरिनेछ । असोज १३ गतेसम्म सञ्चालन हुने शिबिरमा बन्ध्याकरणसँगै रेविजबिरुद्धको खोप पनि लगाइनेछ ।

अभियान शुरु गर्दै नगरप्रमुख ध्रुबकुमार शिबाकोटीले अभियानलाई सहयोग गर्न नागरिकलाई आह्वान गरे । उनले यस्ता कुकुरका कारण बिभिन्न रोग र संक्रमण बढेका कारण सबैलाई कुकुर पक्रेर शिबिरमा पुर्याई सहयोग गर्न आग्रह गरे । कार्यक्रममा नगर उपप्रमुख पबित्रा महतारा प्रसाई, हार्ट नेपालका प्रमुख खगेश्वर शर्माले बोलेका थिए । कार्यक्रमको सञ्चालन शाखाका कर्मचारी बिष्णु भट्टराईले गरेको कार्यक्रम नगर कार्यपालिका सदस्य चन्द्रकला पकुवालले बताइन् ।

## 'अनागरिक' बन्ने चिन्ता

### आसामका नेपालीभाषी आन्दोलित

**झापा, असोज ९।** पूर्वोत्तर भारतको आसाम राज्यमा जारी गरिएको राष्ट्रिय नागरिक रजिष्टर (एनआरसी)को अन्तिम सूचीमा कैयौं नेपालीभाषी गोर्खाहरूको नाम नसमेटिएपछि शान्तिपूर्ण विरोध शुरु भएको छ ।

त्यहाँका गोर्खा समुदायका नेताहरूले त्यहाँका विभिन्न चारवटा गोर्खासम्बद्ध संस्थाहरूको अगुवाइमा शान्तिपूर्ण धर्ना शुरु भएको हो ।

आसाम गोर्खा सम्मेलनका महासचिव लक्ष्मी सेढाईंका अनुसार भारतीय गोर्खा परिसंघ, अल आसाम गोर्खा स्टुडेन्ट युनियन, आसाम गोर्खा सम्मेलन र नेपाली साहित्य सभाले संयुक्त रूपमा बिरोध गरिरहेका छन् । हामीले संयुक्त रूपमा स्थानीयस्तरबाट प्रतिवाद गर्ने निर्णय गरेका थियौं, त्यसै अनुसार विगत १० दिनदेखि हरेक दिन जिल्ला अधिपति कार्यालयहरू अगाडि तीन घण्टा शान्तिपूर्ण धर्ना दिइरहेका छौं- सेढाइले भने । उनका अनुसार यही सेप्टेम्बर १ तारिखमा जारी गरिएको एनआरसीको अन्तिम प्रतिवेदनमा करिब १ लाख जना नेपालीभाषी गोर्खाहरू छुटेको पाइएको छ । तर सरकारले भने ८५ हजार जनाको मात्र नाम छुटेको तथ्याङ्क सार्वजनिक गरेको खबरहरू आइरहेको उनले बताए ।

आसामका मुख्यमन्त्रीले चाहिँ करिब ५० हजार जना नेपालीभाषी मात्र छुटेको बताएको उनले जानकारी दिए । सेढाईंले अझै पनि सबै गाउँबाट को-को छुटेका छन् भन्ने विवरण संकलनको काम जारी रहेको बताए । "घरघरमा सबै मानिसलाई अझै पनि आफ्नो नाम त्यसमा समेटिएको छ कि छैन भन्ने थाहा नभएको पाइएको छ- उनले भने- हामीले आगामी आइतवारसम्ममा सबै विवरण आइसक्ने अपेक्षा गरेका छौं ।

सन् २०११ को जनगणना अनुसार आसाम राज्यमा करिब ६ लाख नेपालीभाषी रहेको देखिन्छ । तर सबै नेपालीभाषीहरूले आफूहरूको मातृभाषा नेपाली नै रहेको नलेखाएकाले यो संख्या धेरै हुने सेढाईं बताउँछन् । उनका अनुसार आसाममा करिब १२ लाख नेपालीभाषी रहेका छन् । एनआरसीको सूचीमा छुटेकाहरू भारतको नागरिकताबाट वञ्चित हुने भएकाले धेरै नेपालीभाषी गोर्खाहरू चिन्तित बनेको भारतीय गोर्खा परिसंघ आसामका अध्यक्ष नित्यानन्द उपाध्यायले बताए । उनका अनुसार कतिपयले यस्ता नाम छुटेका व्यक्तिहरूलाई हिरासतमा लिइन्छ भन्ने हल्ला चलाएकाले धेरै चिन्तित बनेका छन् ।

एनआरसीमा नसमेटिएकाहरूलाई आफूहरू नागरिक बन्न योग्य रहेको प्रमाण पेश गर्न फरेनर्स ट्रिब्युनल्स् भनिने

(बाँकी अन्तिम पृष्ठमा)

## करणी गरेको अभियोगमा पक्राउ

**मोरङ, असोज ९।** १९ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बेलबारी नगरपालिका-४ बस्ने ४१ वर्षीय लोकबहादुर सार्कीलाई प्रहरीले पक्राउ गरेको छ ।

सार्कीले ती किशोरीलाई ललाई फकाई आफ्नै घरमा लगी जबरजस्ती करणी

(बाँकी अन्तिम पृष्ठमा)

पायल्स तथा फिस्टुलाको उपचार

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **असोज १० र ११** गते काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

बाल रोग विशेषज्ञ डाक्टर आउने बारेको सूचना
डा. धर्मपाल राय
MBBS, MD (Ped) K.U.
PGPN, Boston University (USA)
Traning in Ped. Asthma (IAP), (NMC 5550)
वरिष्ठ नवजात शिशु, बालरोग तथा बाल पोषण विशेषज्ञ
विहान ८ बजेदेखि ९ बजेसम्म बेलुका ५ बजेदेखि ७ बजेसम्म दैनिक सेवा
सम्पर्क: साथी मेडिको एण्ड साथी डाइगोनोष्टिक सेन्टर
भद्रपुररोड, बिर्तामोड, झापा (सिद्धार्थ बैंक अगाडि)
फोन नं. ०२३-५४६३६४, ५४४०१३, ९८२४०३८६१६

Institute of Medicine (IOM) बाट MBBS, BDS, B.Sc Nursing र B.Pharmacy को प्रवेश परिक्षा उत्तिर्ण हुनुभएका विद्यार्थीहरुलाई त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस सुनसरी टेक्निकल कलेज धरानमा B.Pharmacy मा Direct Admission लिइने जानकारी गराइन्छ।
Affiliated to TU
B. PHARMACY 4 Years
SUNSARI TECHNICAL COLLEGE
Dharan-1, Sunsari, Province-1, Nepal
Mob: 9841429713, 9852020615 ,9842499861

# विद्यालयमै बिद्यार्थीको आँखा जाँच




**कुमरखोद, असोज ९।** झापा गाउँपालिकामा रहेको डिल्लीराज माध्यमिक विद्यालयका बिद्यार्थीको विद्यालयमै आँखा जाँच गरिएको छ ।

बिद्यार्थीमा दृष्टि दोष, रतन्धो जस्ता समस्या हुने भएकाले उनीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै विद्यालयमै आँखा जाँच गरिएको थियो । जसमा आठ जना बिद्यार्थीमा दृष्टि दोषको समस्या देखिएको र त्यसलाई कम गर्न चश्मा प्रदान गरिएको थियो । त्यस्तै एक जनामा रतन्धोको समस्या भेटिएको थियो भने ५० जनालाई आँखामा समस्या देखिएकाले औषधि वितरण गरिएको थियो ।

मेची आँखा अस्पतालको प्राविधिक सहयोग, लायन्स क्लव अफ बिर्तामोड र लियो क्लव विर्तामोडको सहयोगमा शिविर सञ्चालन भएको थियो । शिविरमा आँखा जाँच गरिएका बिद्यार्थीमध्ये समस्या देखिएका सबैलाई औषधिसहित चश्मा वितरण गरिएको अस्पतालकी आउटरिच कोअर्डिनेटर कविता कार्की कडरियाले जानकारी दिइन् ।

शिविरमा २२ जना शिक्षकको समेत आँखा जाँच गरिएको थियो । सो अवसरमा विद्यालय परिसर सफा राख्न लायन्स क्लव अफ बिर्तामोडले १२ थान डस्टवीन समेत प्रदान गरेको थियो । प्रधानाध्यापक भवदेव राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा झापा गाउँपालिका अध्यक्ष जयनारायण साहले यस क्षेत्रकै पुरानो विद्यालयको रुपमा डिल्लीराज मावि रहेको र यो विद्यालयलाई अब नमूना बनाउन शुरु गरिएको बताए ।

उनले नाम मात्र नमूना होइन काम पनि नमूनै गरेर देखाउने भन्दै त्यसको शुरुवात भएको बताए । उनले विद्यार्थी भविष्यका कर्णधार भएको र उनीहरुको उज्ज्वल भविष्य निर्माणमा आँखाको भूमिका महत्वपूर्ण रहने भएकाले लायन्स क्लव र मेची आँखा अस्पतालको सहयोगमा विद्यालयमै विद्यार्थीको आँखा जाँच गराउन पाउनु गाउँपालिकाका लागि समेत सुखद् भएको बताए ।

शिक्षक बीरेन्द्रप्रसाद गुप्ताले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा झापा गाउँपालिका शिक्षा शाखा प्रमुख खड्गप्रसाद खरेल, विद्यालयका पूर्वअध्यक्ष उत्तमकुमार सुवेदी, वडा नम्वर ४का अध्यक्ष राजु भारती, नेपाल शिक्षक महासंघका जगन्नाथ राजवंशी, लायन्स क्लव अफ बिर्तामोडका अध्यक्ष जीवनकुमार खड्का, कोषाध्यक्ष तथा कार्यक्रम संयोजक संगीता रौनियार, विद्यालयकी बाल क्लव अध्यक्ष कोपिला खड्का लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सहायक प्रधानाध्यापक गोपीकृष्ण पराजुलीले स्वागत गरेको कार्यक्रममा लायन्सको झण्डाको अभिवादन निकेश गट्टानीले गरेका थिए भने कार्यक्रम सञ्चालन अरुण गणेशले गरेका थिए ।

# फाइनलमा भीमनगर र बनियानी

**भद्रपुर, असोज ९।** असोज ३ गतेबाट शुरू भएको प्रथम घेरावारी नकआउट फुटवल प्रतियोगिताको फाइनलमा भीमनगर फुटवल क्लब तथा बनियानी युथ क्लब भीड्ने भएका छन् ।

वडास्तरीय खेलकुद विकास समिति घेरावारी कचनकवल-१को आयोजनामा असोज ११ गते समापन हुने गरी शुरू भएको फुटवल प्रतियोगिताको फाइनलमा भद्रपुर-३को भीमनगर फुटवल क्लब तथा कचनकवल- ४को बनियानी युथ क्लब भीड्ने भएका हुन् । यस अघि सम्पन्न सेमीफाइनल खेलमा आयोजक घेरावारी क्लवलाई बनियानी युथ क्लबले २का बिरूद्ध ४ गोल अन्तरले जितेको थियो । कचनकवल फुटबल क्लवलाई ०का बिरूद्ध ९ गोल गरी भीमनगर फुटवल क्लब फाइनलमा पुगेको हो ।

घेरावारीस्थित देउराली सामुदायिक वनको खेल मैदानमा भइरहेको खेलको उद्घाटन कचनकवल-१का वडाध्यक्ष लक्ष्मीनारायण यादव तथा वडा स्तरीय खेलकुद समितिका अध्यक्ष सत्यनारायण यादवले संयुक्त रूपमा गरेका थिए । प्रतियोगितामा विजेता टिमलाई नगद २५ हजारसहित शिल्ड प्रदान गरिनेछ भने उपविजेताले १५ हजार नगदसहित प्रमाण पत्र प्राप्त गर्ने छ ।

# खराब मौसमले गोल्डकप स्थगित

**बिर्तामोड, असोज ९।** खराब मौसमका कारण झापाको बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा हुने भनिएको अन्नपूर्ण हाम्रो पूर्वाञ्चल अन्तर्राष्ट्रिय गोल्डकप तत्कालका लागि स्थगित गरिएको छ । यही असोज ११ गतेदेखि १८ गतेसम्म गोल्डकप हुने मिति तय गरेर खेल तालिका सार्वजनिक गरिएको थियो ।

निरन्तरको वर्षाका कारण खेल मैदानमा पानी र हिलो भएका कारण निर्धारित समयमा गोल्डकपका खेलहरु सञ्चालन गर्न असमर्थ रहेको भन्दै आयोजक जायोन स्पोर्टस् क्लबले बिहीबार रंगशालामै पत्रकार सम्मेलन गरेर स्थगित भएको जनाएको हो । आयोजक क्लबका प्रवक्ता अविनाश राईले गोल्डकपको सम्पूर्ण तयारी गरिए पनि खराब मौसमकै कारण प्रतियोगिता



स्थगन गर्नु परेको बताए ।

तर, कात्तिकमा खेल सञ्चालन गर्दा पनि दर्शक नघट्ने उनले दाबी गरेका छन् । तिहार अगाडि नै सक्ने गरी खेल सञ्चालन गर्न लक्ष्य लिइएको उनले बताए । आयोजक क्लबका अध्यक्ष भक्त खवासले सबैको विश्वास जितेर तयारी सकिएको अवस्थामा खेल मौसमका कारण रोकिँदा नमज्जा लागेको बताए ।

# आजबाट 'रातो टीका निधारमा'



**बिर्तामोड, असोज ९।** चलचित्र 'रातो टीका निधारमा' शुक्रवारबाट रिलिज भएको छ ।

साम्राज्ञी आरएल शाह र अंकित शर्मा अभिनित चलचित्रलाई लिएर निर्देश अशोक शर्मा लगायत टिम निकै आशावादी रहेको छ । चलचित्रका गीत, संगीत र ट्रेलरले दर्शकबाट निकै राम्रो प्रतिक्रिया पाइरहेका कारण पनि बक्सअफिसमा राम्रो व्यापार गर्ने अनुमान गरिएको छ ।

'रातो टीका निधारमा'ले मल्टिप्लेक्स हलमा उच्च शोज हात पारेको छ चलचित्रलाई देशकै ठूलो मल्टीप्लेक्स चेन क्युएफएक्सले राजधानी र मोफसल गरी ३४ शोज उपलब्ध गराएको छ भने विग मुभिजले ६, एफ क्युबले ५, बिएसआरले ६, सिने डी सेफले ५, क्युज सिनेमाजले ४, र पोखराको मिड टाउन ग्यालरीले ४ शोज बाँडेका छन् ।

# जुवा खेल्ने ११ पक्राउ

**काठमाडौं, असोज ९।** जुवातास खेलिरहेको अवस्थामा ललितपुरबाट ११ जना पक्राउ परेका छन् ।

प्रहरीले चितवन घर भएका ३४ वर्षीय अर्जुन सापकोटाको प्याराडाइज ड्राईभिङ सेन्टरमा जुवातास खेलिरहेको अवस्थामा सापकोटा समेत ६ जनालाई ६ जनालाई पक्राउ गरेको हो । उनीहरुबाट साथबाट नगद ५९ हजार ९ सय ७५ रुपैयाँ र ३ बुङ बरामद भएको प्रहरीले जनाएको छ ।

उता दाङको तुलसीपुर उपमहानगरपालिका-६ गाईडर बस्ने ५४ वर्षीय भीमसेन लहरेको घरमा जुवातास खेलिरहेको अवस्थामा लहरे समेत ५ जनालाई नगद ६१ हजार २ सय १० रुपैयाँ र ४ बुङ ताससहित बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

# साँगुरीगढीमा गाँजा फडानी

**धनकुटा, असोज ९।** धनकुटाको शहीदभूमि गाउँपालिका-१ र साँगुरीगढी गाउँपालिका-९मा अबैध रुपमा लगाइएका तथा प्राकृतिक रुपमा उम्रिएका करिव १९ हजारभन्दा बढी गाँजाका बोटहरु प्रहरीले नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनकुटा र प्रहरी चौकी त्रिवेणीबाट खटिएको प्रहरी टोलीले शहीदभूमि गाउँपालिका-१ देउराली र घंगरुवा भन्ने स्थानमा उम्रिएका ६ हजार २० बोट गाँजा फडानी गरी नष्ट गरेको हो ।

यसैगरी जिल्ला प्रहरी कार्यालय धनकुटा र इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरी टोलीले साँगुरीगढी गाउँपालिका-९ आहालेमा १३ हजार ९ सय १० बोट गाँजा फडानी गरी नष्ट गरेको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ ।

# साढे ५ लाख चोर्ने मैनाली पक्राउ

**उदयपुर, असोज ९।** तेह्रथुमको आठराई गाउँपालिका-३ छातेढुङ्गाका २७ बर्षीय प्रकाश श्रेष्ठ भनेर चिनिने चन्द्रप्रकाश मैनाली चोरी गरेको आरोपमा पक्राउ परेका छन् ।

उदयपुरको चौदण्डीगढी नगरपालिका-७ खड्गबहादुर सेन्चुरीको घरमा काम गर्न बसेका मैनाली साउन ८ गते साँझ सेन्चुरीको घरभित्र दराजमा राखिएको ५ लाख ५० हजार रुपैयाँ चोरी गरी फरार भएका थिए । फरार रहेका मैनालीलाई खोजतलास गर्ने क्रममा असोज ६ गते पाँचथरको फिदिम बजारमा लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी पक्राउ गरिएको हो ।

पक्राउ परेका मैनालीको साथबाट प्रहरीले ७० हजार नगद, चाँदीको ब्रासलेट तथा सिक्री र १ थान मोवाइल बरामद गरेको छ । पक्राउ परेका मैनालीको सम्बन्धमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बेल्टारले जनाएको छ ।

# चाडपर्वलाई दुर्घटनारहीत बनाउन जोड

**मेचीनगर, असोज ९।** आसन्न चाडपर्वहरुलाई दुर्घटनारहीत बनाउन मेचीनगर नगरपालिकाका प्रमुख बिमल आचार्यले आग्रह गरेका छन् ।

चाडपर्वका वखत मानिसहरुको आवतजावत निक्कै बढ्ने भएकाले यो समयमा दुघर्टना बढ्ने गरेको सरकारी तथ्याङ्कले देखाएको छ । यसै कुरालाई मध्यनजर गर्दै नगरपालिकाकातर्फबाट नगरप्रमुख आचार्यले नजिकिँदै गरेको दशैंतिहार तथा छठलगायतका चाडपर्वलाई दुघर्टनारहीत बनाएर जनधनको क्षति हुन नदिई एकापसमा हाँसीखुशी चाड मनाउन समेत आम नगरवासीसहित सम्बन्धित व्यवसायीहरुमा आग्रह गरेका छन् ।

विहीबार नगरपालिका सभाकक्षमा नगरभित्र सञ्चालन हुने साना तथा मझौला सवारी साधन टेम्पो, पाइडल रिक्सा, सिटी सफारी, म्याजिक भेन तथा अन्य सवारी साधनहरुको भाडा दर एवम् व्यवस्थापन सम्बन्धमा सरोकारवालाहरुसँग भएको अन्तरक्रियात्मक कार्यक्रममा नगर प्रमुख आचार्यले यस्तो आग्रह गरेका हुन् । यसतर्फ सबैजना सचेत हुनुपर्नेमा आचार्यले जोड दिए । यदि कहींकतै, कसैले अहिले पनि सवारी मापदण्ड अनुसार बढी भाडा असुल्ने गरेको भए तत्काल बन्द गर्न भन्दै प्रमुख आचार्यले यदि अनुगमनका क्रममा वा कुनै यात्रुले सम्बन्धित निकायमा उजुरी गरे त्यस्ता सवारी साधन वा चालकलाई कानून बमोजिम कारवाही गर्ने चेतावनी दिए ।

उपप्रमुख मीना पोखरेल उप्रेतीले चाडपर्वको मौका छोपेर यात्रुहरुसँग जथाभावी रुपमा भाडा असुल्नु गैरकानूनी काम हुने भन्दै त्यस्तो कानूनले बन्देज गरेको काम नगर्न सुझाव दिइन् ।

वडानम्बर ६ का वडाध्यक्ष ललितबहादुर तामाङले पार्किङ निषेधित क्षेत्रमा कसैले जवरजस्ती आफ्ना सवारी साधन पार्किङ गरे स्थानीय प्रशासनले दण्ड जरिवाना गर्ने भएकाले कसैलाई पनि अनावश्यकरुपमा दण्ड जरिवाना तिर्ने वातावरण सिर्जना नगर्न सुझाव दिए ।

अस्थायी ट्राफिक प्रहरी पोष्टका प्रमुख ट्राफिक प्रहरी नायव निरीक्षक कालीदास रेग्मीले कुनै पनि सवारी साधनले कुनै यात्रुलाई ठग्ने प्रयास गरे, मापदण्ड अनुसारभन्दा बढी भाडा लिएको उजुरी परे तत्काल नियन्त्रणमा लिएर कारवाही गर्ने चेतावनी दिए । उनले सडक छाडा चौपायका कारण दुघर्टना बढ्ने हुँदा चौपाय नियन्त्रणमा समेत ध्यान दिन चौपायधनीलाई अनुरोध गरे । प्रहरीले चाडपर्वका बखत चेकजाँचलाई तीव्र पार्ने भएकाले आफ्ना सवारी साधनका कागजात चुस्तदुरुस्त राख्न, प्रहरीले खोजेका बेला उपलब्ध गराउन, मादक पदार्थ सेवन गरेर सवारी नचलाउन समेत सवैमा आग्रह गरे ।

कसैलाई सवारी तथा ट्राफिक नियमको आवश्यक परे नगरपालिकाको समन्वयमा आफूहरुले तालिम तथा प्रशिक्षण प्रदान गर्ने उनले विश्वास दिलाए । सम्बन्धित पक्षले सचेत मात्र गराउने र कार्यान्वयन आफैंले गर्नुपर्ने उनको भनाइ थियो । दुर्घटनाको पीडा स्वयम् र आफ्ना परिवारलाई थाहा हुने हुँदा दुर्घटनारहीत चाडपर्व मनाउन पनि उनले आग्रह गरे ।

कार्यक्रममा यातायात व्यवसायीहरु पूर्णबहादुर योङ्हाङ, भीमप्रसाद लामिछानेलगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन नगरपालिका कार्यपालिका सदस्य एवम् पूर्वाधार विकास समिति संयोजक कृष्ण कनालले गरेका थिए । सहभागी सवैको गुनासो आर्थिक विकास शाखा प्रमुख तथा खाद्य विश्लेषक दीपेन्द्र कार्कीले गरेका थिए ।

## अनागरिक ...

विदेशीहरू पहिचान गर्ने एउटा न्यायाधीकरणको अवसर दिइने भारतीय अधिकारीहरूले बताउने गरेका छन् । तर उक्त न्यायाधीकरणमा नेपालीभाषी गोर्खाहरूले निवेदन नदिने परिसंघले स्पष्ट पारिसकेको उपाध्यायले जानकारी दिए । उनले भने- त्यस्ता ट्रिब्युनल्स् त सन् १९७१मा पूर्वी पाकिस्तान बांग्लादेश बन्दा त्यहाँबाट भागेर आएकाहरूको पहिचानका लागि गठन गरिएको थियो । त्यसमा नेपालीभाषी सहभागी हुनुपर्ने आवश्यकता नै छैन भन्ने हाम्रो कुरा हो ।

जसलाई त्यसमा मुद्दा चलाइएको छ, ती मुद्दाहरू पनि फिर्ता गर्नुपर्ने हाम्रो माग छ । उनले नेपालीभाषी मात्र नभएर आसामकै रैथाने जातिका कतिपय मानिसहरूको समेत नाम एनआरसीमा छुटेकाले त्यो त्रुटीपूर्ण रहेको बताए ।

हामीले पहिले सरकारको विश्वास गर्‍यौं । सरकारले गोर्खाहरू नछुट्ने प्रतिबद्धता जनाएको थियो तर अहिले छुटेर आए । त्यसैले एनआरसी नै त्रुटीपूर्ण भएकाले सच्याउनुपर्छ वा त्यो ट्रिब्युनलमा नलगिकन समाधान खोज्नुपर्छ भन्ने हाम्रो माग हो- उपाध्यायले भने । सन् १९५१ मा एनआरसीको स्थापना भएको थियो । त्यसको काम आसाममा जन्मिएको भारतीय नागरिक र छिमेकी बंगलादेशबाट आएका आप्रवासी छुट्याउनु थियो ।

राज्यमा रहेका परिवारहरूलाई आफ्नो वंश र बसोबास प्रमाणित गर्ने कागजात प्रस्तुत गर्न भनिएको थियो । जसले प्रमाणित गर्न सकेनन् तिनलाई अवैध विदेशी ठानियो । उक्त रजिस्टरमा २४ मार्च १९७१ भन्दा अगाडि नै आसाममा आइसकेका प्रमाणित मानिसहरूको मात्र नाम रहेको बताइएको छ ।

उक्त मितिको भोलिपल्ट बंगलादेशले पाकिस्तानबाट स्वतन्त्र भएको घोषणा गरेको थियो। अन्तिम सूचीमा कूल ३ करोड ११ लाख मानिस सामेल गरिएका छन् । प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टीले लामो समयदेखि अवैध आप्रवासनविरुद्ध धारणा राख्दै आएको छ ।

केही वर्ष यता उसले एनआरसीलाई प्राथमिकता दिएको छ । एनआरसीको अन्तिम सूची सार्वजनिक हुनुभन्दा अगाडि पनि गोर्खा समुदायका नेताहरूले भारतीय नेताहरूलाई भेटेर चिन्ता प्रकट गरेका थिए । उनीहरूले केहीअघि गृहमन्त्री अमित शाहलाई भेटेका थिए भने गत वर्ष प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेका थिए । जानकारहरूका अनुसार नियमानुसार अन्तिम सूचीमा नपरेकाहरूले १ सय २० दिनभित्र अदालत जान सक्ने व्यवस्था छ । वीवीसी

## आयुर्वेदमा ...

स्थानमा ग्यारेन्टीका साथ उपचार गरिने भन्दै विज्ञापन प्रशारण प्रकाशन गर्ने गरेको भन्दै कुनै पनि रोगको उपचार ग्यारेन्टीका साथ हुनै नसक्ने बताए । उनले भ्रामक विज्ञापनको भर नपर्न समेत आग्रह गरेका छन् ।

**'पानीट्याङ्कीमा भन्दा नेपालमै राम्रो उपचार'**

राम्रो उपचारका नाममा भारतका विभिन्न स्थानमा खुलेका आयुर्वेद क्लिनिकहरुले नेपाली बिरामीलाई ठगी रहेको भन्दै प्रमुख निरौलाले भारतमा भन्दा नेपालमा नै आयुर्वेदको उपचार राम्रो हुने बताएका छन् ।

उनले छारसूत्रको ग्यारेन्टीका साथ उपचार गर्ने भन्दै नेपाली विरामीहरुको स्वास्थ्यमाथि गम्भीर खेलवाड गरिरहेको बताए । निरौलाले भने - पैसाको लोभमा परेर आफ्नो स्वास्थ्य वर्वाद नगरौं । नेपालमा उपचार गराउँदा कुनै तलमाथि भए कानून बमोजिम कारवाही गर्न सकिन्छ तर भारतमा उपचारका क्रममा तलमाथि भए स्वास्थ्य केन्द्रले केही गर्न नसक्ने बताए ।

**जथाभावी आयुर्वेदिक औषधि नकिन्न सुझाव**

झापाका विभिन्न बजारमा सडक पेटीमा ग्यारेन्टीका साथ निको हुने भन्दै आयुर्वेदिक औषधि बिक्री वितरण गर्ने गरेको पाइएको भन्दै त्यस्ता औषधि नकिन्न सर्वसाधारणलाई स्वास्थ्य केन्द्र प्रमुख निरौलाको सुझाव छ। उनले भारत लगायतका विभिन्न स्थानबाट आएका व्यक्तिले आयुर्वेदका नाममा भ्रमपूर्ण विज्ञापन गर्दै जडीवुटी र जडीवुटीका नाममा प्याकेजिङ औषधि विक्री वितरण गरिरहेका छन्, त्यस्ता बस्तु नकिन्न म सबैलाई आग्रह गर्छु - प्रमुख निरौलाले भने ।

## करणीको ...

गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## रेष्टुरेन्ट विक्रीमा

बिर्तामोडमा चालू अवस्थामा रहेको रेष्टुरेन्ट एण्ड वार विक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८४०९९५४०४

Private / Open SEE 2076
प्राईभेट SEE कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरूले यस वर्ष नै SEE पास गर्न सक्नेछन् ।
पाइथागोरस एजुकेशन फाउण्डेशन
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975, मो.नं. 9807927033

अब सुन्दर पर्यटकीय नगरी सुरुङ्गामा पहिलोपटक
तिम्सिना ट्रेडर्स परिवारको उत्पादन
कनकाई फन पार्क प्रा.लि.को नौलो प्रस्तुति
कनकाई फनपार्कको पहिलो आकर्षण

## भव्य शुभारम्भ




संविधान दिवस, वडा दशैंतिहार, छठ, नेपाल सम्वत ११४०को शुभअवसरसहित कनकाई फनपार्कको पहिलो शुभारम्भ कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, च्याम्बर अफ कमर्श नेपाल प्रदेश नम्बर १का अध्यक्ष **राजेन्द्र घिमिरे**द्वारा तपशीलको मिति, समय र स्थानमा हुने निश्चय भएकोले सम्पूर्ण महानुभावलाई गरिमामय उपस्थितिका लागि सादर आमन्त्रणा गर्दछौ ।

मिति : २०७६ साल असोज १३ गते सोमवार
समय : विहानको ९ बजेदेखि फोन नम्बरः ०२३-५५०५०१
स्थान : कनकाई नगरपालिका-३, सुरुङ्गा, नयाँ बस्ती झापा

प्रो : टिकाप्रसाद तिम्सिना/दिलमाया तिम्सिना र रोमित तिम्सिना
सञ्चालक : मिनाल तिम्सिना र सुमित्रा तिम्सिना

आवश्यकता : यस फन पार्कका लागि एकजना कुक र एकजना वेटरको तत्काल आवश्यक परेकाले तत्काल सम्पर्क राख्नुहोला ।

## भिटा विक्रीमा

बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ ।
२० फुटे बाटो । ४० फुट मुख । ९२ फुट लम्बाई । वरिपरि प्लम उठाइएको ।
लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम ।
अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)
उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम ।
तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला ।
मो. ९८२३७२६९७९

## सजिलो बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-५, बिर्तामोड, झापा (०२३-५४२२५०)

## साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको १२औं बार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुने निश्चय भएको हुँदा सम्पूर्ण शेयर सदस्यलाई पत्र पठाइसकिएको छ । यदि कुनै कारणवस पत्र प्राप्त नभए यसै सूचनालाई आधारमानी सभामा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**कार्यक्रम**
मितिः २०७६।०६।११ गते शनिवार
स्थानः पाथीभरा सिने प्लाजा तल्लो तला, बिर्तामोड-१, झापा
समयः विहान ठीक १०:०० बजे

**सुरेश ढकालः अध्यक्ष**

## शुभकामना एवम् निमन्त्रणा

बडा दशैं २०७६ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै यस दुर्गापुर बजारको स्वर्ण महोत्सव उद्घाटन समारोह निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएकोले सो दिन उपस्थित भइदिनुहुन हार्दिक निमन्त्रणा गर्दछौं ।

मिति : २०७६।६।११ गते शनिबार समय : बिहान ११:०० बजे
स्थान : दुर्गापुर सामुदायिक भवन

आयोजक
**वडा कार्य समिति/बजार व्यवस्थापन समिति**
कनकाई नगरपालिका-७ दुर्गापुर, झापा

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# ग्राहक 'यता' ल्याउने कार्यक्रम ल्याऊ

**'दशैं आयो–खाउँला पिउँला' यो नेपाली समाजमा परम्परा जस्तै बनिएको गीत हो । लयमा भनिएकाले गीत भनिएको यसको सार हो– दशैं मीठो खाने र राम्रो लगाउने चाड हो । नेपाली समाजमा चाडपर्वहरु मध्येको ठूलो मानिन्छ दशैंलाईं । दशैं परम्परामा दुर्गा भवानीको नौ दिनसम्म पूजा–आराधना गरी शक्ति र न्याय वरदानका रुपमा प्राप्त गर्ने चाड थियो । तर अहिले दशैं मनोरञ्जन बढी र पद्धति कम हुने पर्व भएको छ ।अनि पनि दशैं सुख, योग, पुनर्मिलन, श्रद्धाका साथै मीठो खाने र राम्रो लाउने पर्व नै रहेको छ । त्यसैले नेपालीमध्ये पनि पहाडी मूलका लागि दशैं दीर्घ प्रतिक्षाको चाड नै छ आज पर्यन्त ।**

**जब–जब चाडपर्वहरुको समय शुरु हुन्छ तब–तब हाम्रा बजारहरुमा किनमेल गर्नेहरुको घुइँचो रहन्छ । यो घुइँचो उपभोग्य वस्तु खरिद गर्नेहरुको हो । त्यसैले हाट–बजारहरु भिडभाड हुन्छन्, बिक्रेताहरु यही चाडलाई लक्षित गरेर थप उत्साह र रौनकसहित आम्दानी गर्ने अपेक्षामा बस्छन् । आज बजारमा भिडभाड छ तर खरिद बिक्री छैन –भन्छन् बिक्रेता । जनसंख्या र घनत्व बढेको छ, आवश्यकता थपिएका छन् । तर, उपभोक्ता सीमावर्ती भारतीय बजारमा निर्भर छन् । जसका कारण भारतीय बजारमा दिनहुँ करोडौंको कारोबार हुन्छ, तर नेपाली बजार भने सुनसान र चकमन्न।**

**आवश्यकता असीमित हुन्छ । अर्थशास्त्रको सिद्धान्तले पनि स्वीकार गरेको यो सत्यले साधनको सीमिततालाई पनि स्वीकार गरेको छ । नेपालीको शिर ऋणको भारतले थिचिएको छ, परनिर्भरता बढ्दै छ । स्वावलम्वन इतिहासको पुस्तकको कुनै पानामा कैदी जस्तै भएको छ । उपभोग गरिने कुनै वस्तुमा आत्मनिर्भरता छैन । जसका कारण बाह्य बजारतर्फ आकर्षित हुनैपर्छ । यस्तोमा सरकारको गलत नीति र दूरदृष्टिको अभावमा नेपाली बजार नेपालीको पहुँचभन्दा टाडा छ । आयातमा लगाइएको करको भारले बजार मूल्य आकाशिएको छ । विक्रेताहरुले वस्तुको खुद मूल्य, भन्सार, स्थानीय तहका करहरु, घरभाडा तथा महशुल र लगानीको प्रतिफल जोडेर निर्धारण गर्दा नेपाली उपभोक्ताको हैसियतभन्दा बढी हुने कारणले सीमावर्ती बासिन्दा भारतीय बजार पुग्छन् । परिणाम 'मेला यता र ग्राहक उता'को स्थिति छ ।**

**जो कोही उपभोक्ता सस्तोमा उपभोग्य वस्तु किन्न चाहन्छ । विक्रेता बढी नाफा कमाउने मानसिकतामा रहन्छ । यस्तोमा स्वतन्त्र उपभोक्ता आफ्नो पहुँच र क्षमता अनुसार प्रतिष्पर्धी बजारमा वस्तु छानेर, तौलेर र तुलना गरेर खरिद गर्छन् जो स्वभाविक नै हो । हामी कृषि वस्तुमा समेत पराधीन छौं । कृषि प्रधान भनिए पनि कुनै एउटा वस्तु मात्रै पनि हाम्रा आवश्यकता पूरा गर्ने छैन । अझ आधारभूत आवश्यकताका वस्तु उत्पादन गर्ने कलकारखाना उद्योग धन्दा छैन बराबरको अवस्था छ । सरकारले आयात निरुत्साहित गर्ने नीति, योजना र कार्यक्रम ल्याउन नसकेसम्म 'उता' जाने ग्राहकलाई रोक्नै सकिँन्न । त्यही अवस्था रहेसम्म न नेपाली बजारको आकर्षण बढ्छ न त व्यापारीलाई रोक्नै सकिन्छ । त्यसकारण 'उता' र 'यता' को बजारका बीच सन्तुलन कायम गर्ने योजना सरकारले ल्याउनु पर्दछ । अन्यथा, यो असाध्य रोग हो, जसको निदान नै छैन र हुँदैन ।**

# सरकारको जवाफदेहिता खोई ?




विष्णुप्रसाद खरेल

*कर जति उठे पनि, पुग्ने होइन देशमा,*
*रित्याइसके ढुकुटी त, सेवकको भेषमा ।*
*बलात्कार र हत्याकाण्ड, साह्रै मौलाउँदैछ,*
*नेता बहुला परेपछि, देशै बहुलाउँदैछ ।*

कवीयात्री शीतल शर्माले लेखेको यो कविताको हरफले देशको दृश्य उजागर गरेको छ। धेरैबेर सोचें । मेरो मानसपटलमा पनि निष्कर्ष आयो- हो, देश बहुलाउँदैछ। सरकारले गरेका र भनेका कुराहरुलाई नियालेर हेर्ने हो भने साँच्चै नै- देश बहुलाउँदैछ!

तत्कालीन एमाले र माओवादी केन्द्रबीच २०७५ जेठ ३ गते एकता भई बनेको पार्टी हो- नेपाल कम्युनिस्ट पार्टी (नेकपा)। २०७४ को तीनै तहको चुनावी अङ्कगणित र देशव्यापी कार्यकर्ता र सङ्गठनको संरचना हेर्दा नेकपा देशको सबैभन्दा ठूलो राजनीतिक दल हो। त्यति मात्र होइन, केन्द्रमा झण्डै दुई तिहाइ नेतृत्वको सरकार, छ वटा प्रदेशमा सरकारको नेतृत्व र स्थानीय तहमा पनि आधाभन्दा धेरै ठाउँमा नेतृत्व छ। यो नेकपाको शक्ति हो।



जहाँत्यहीँ सरकारको नेतृत्व हुँदा साधनस्रोतले सम्पन्न पार्टी हो- नेकपा। यस्तो शक्तिशाली पार्टीको शक्तिसाली सरकार हुँदा पनि मानिसहरु भन्न थालेका छन्- देश बहुलाउँदैछ।

सरकारमाथि विपक्षी र जनस्तरबाट समेत प्रश्नै-प्रश्न उठे पनि केपी ओली नेतृत्वको सरकारले धेरै जनपक्षीय काम गरेको दाबी गर्दै आएको छ। 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा राखेकै छ। पछि परेको नेपाली समाजलाई रूपान्तरण गर्ने सपना पूरा हुँदै गएको प्रधानमन्त्रीको दाबी छ। पछिल्लो पटक प्रधानमन्त्रीले संविधान दिवसमा गरेको सम्बोधनमा पनि भनेका थिए- 'म बिनम्रताका साथ स्वीकार्छु- हो, मैले मुर्छित सपनामाथि पानी छम्केकै हुँ। मैले भनेको हुँ- निदाएको बेलामा देख्ने सपना होइन, ब्युँझिएको बेलाको सपना देखौँ।' प्रधानमन्त्री ओलीले जतिसुकै दाबी गरे पनि कविहरु देश बौलाएको सपना देख्न थालेका छन्। अझ कवियत्री शीतल शर्माले त आरोप नै लगाएर भनेकी छन्- नेता बहुला परेपछि, देश बहुलाउँदैछ।

मानिसलाई अधैर्य, दम्भकारी, आक्रमक र जवाफदेहिताविहीन बनाउनु नै बहुलापनको लक्षण हो। सरकार र नेकपालाई यसो भनेको अभिव्यक्ति त्यसै आएको होइन। यसका पनि कारणहरु छन्। ती कारणहरुलाई खोतलेर हेर्दा यस्तो तर्कमा बल पुग्छ। अहिले सरकारमा रहेकाहरु र सरकारमा रहेको पार्टी नेकपाका नेता र कार्यकर्ताहरुमा अधैर्य, दम्भकारी, आक्रमक र जवाफदेहिताविहीन चरित्र छ्यापछ्याप्ती भेटिन्छ। उनीहरुमा बढेको उन्मादले बहुलापनको संकेत गर्न थालेको छ। त्यसैले विश्लेषकहरु भन्न थालेका छन्- नेता बहुला परेपछि देश बहुलाउँदैछ।

नेकपाको सरकार र केपी ओलीको सत्तारोहणको शुरुवात, आशाजनक थियो। आम मानिसहरुमा एउटा उत्साह र आशा पलाएकै हो। केही त हुन्छ भन्नेहरुको कमी पनि थिएन। संविधान जारी भएपछि यसको कार्यान्वयनका लागि निर्वाचित बलियो सरकारले एउटा आशा जगाएको थियो। गठबन्धनको अपवित्र राजनीतिबाट दिक्क भएका आम नागरिकहरुमा एउटा बलियो पार्टीको झण्डै दुइतिहाईको सरकारबाट राजनीतिक स्थिरता र विकासको आशाका किरणहरु जतात्यतै देखिन थालेको थियो। नागरिकहरुमा पलाएको आशाको किरणलाई प्रकाशमा बदल्ने दायित्व सरकार र सरकारमा रहेको दल नेकपाको ओजिलो दायित्वका रुपमा उदाएको थियो। सरकार र उक्त दललाई धैर्यवान, शालिन, समन्वयकारी र जवाफदेही चरित्र शोभायमान हुने थियो। तर, भयो अर्कै। उनीहरु उदण्ड भए।

आफू बाहेक अरु दल र दलमा आस्था राख्नेहरु मानिस नै होइनन् भन्ने दम्भ बढ्न थाल्यो। नेपालको राजनीतिक आन्दोलन र परिवर्तनमा उनीहरुभन्दा लामो इतिहास र योगदान दिएका दल र दलका कार्यकर्ता र समर्थकहरुको तेजोबध गर्ने उग्र गतिविधि उनीहरुको सहारा र साधन बन्यो। यही समयमा 'अरिंगाल' शब्दको उत्पत्ति भयो। देशभर अरिंगाल प्रबृत्तिलाई मौलाउने बनाउन निर्देशन नै भयो। निषेधको राजनीतिलाई हुर्काउने र नियन्त्रणवादी सोच राखेर काम गर्ने संस्कारको विकास गरियो। आम नागरिकहरुले यो चरित्र र स्वभावलाई राजनीतिक चरित्रका रुपमा स्वीकार गर्न सकेनन्। त्यसैको उपज हो कवीयात्री शीतल शर्माको कविताको हरफ- नेता बहुला भएपछि, देश बहुलाउँदैछ।

देखियो पनि। जे गर्छु भन्छन्, त्यो गर्न सक्दैनन्। गरेनन् पनि। सेण्डीकेट तोड्छौं भने तोडेनन्। फलफूल र तरकारीका माफिया र विचौलियाहरु हटाउँछौं भने- आफैं पछाडि हटे। भ्रष्टाचारी निर्मुल पार्छौं भने- झन् कहालीलाग्दो गरी भ्रष्टाचार बढेको बढेकै छ। शान्ति र सुरक्षा कायम गर्छौं भने- हत्या र बलत्कारका श्रृंखला झन् बढिरहेका छन्। अपराधीहरुले उन्मुक्त पाइरहेका छन्। कम्युनिष्टहरु सादगी र असल चरित्रका हुन्छन्, उनीहरु जनताका हरेक सुख र दुःखमा समाहित हुन्छन् भन्ने- त्यो पनि देखिन छाडेको छ। कम्युनिष्टहरु नागरिकप्रति बिनम्र हुन्छन् भन्ने- झन् उदण्डकारी भएर आएका छन्।

कम्युनिष्टहरु गरीबका पक्षमा उभिने अजय शक्ति हुन् भन्ने- नेकपाका कार्यकर्ता र नेताहरुमात्र धनी हुने दौड चलेको छ। गरीबहरु झन् गरिब हुँदैछन्। आर्थिक रुपले पछाडि परेका आम नागरिकहरु, बढिरहेको अप्रत्यक्ष र प्रत्यक्ष करका कारण बाँच्न नसक्ने अवस्थामा पुगेका छन्। सरकारका हरेक गतिविधिहरु धनीहरुको संरक्षणमा केन्द्रीत देखिन थालेको छ। जनताले कर नतिरे जरिवाना र कारवाहीमा पर्नुपर्ने, तर ठूला राष्ट्रिय र बहुराष्ट्रिय ब्यापारी समूहहरुले अर्बौंअर्ब कर नतिर्दा पनि हुने परम्पराको संरक्षण भइरहेको छ। कतिसम्म गाइजात्रा देखियो भने नागरिकहरु दैनिक विषादी सेवन गरिरहँदा पनि सरकार त्यो रोक्न सकिरहेको छैन। निर्णय त गर्छ, तर कुनै कुरा कार्यान्वयन गर्ने क्षमता राख्दैन। बलियो भनिएको सरकार लुते देखिएको छ।

देश एउटा दलले मात्र निर्माण गर्न सक्दैन। सबैको साझेदारीले मात्र देशको विकास सम्भव छ। सबै राजनीतिक दल र आम नागरिकहरुको समन्वय नै विकासको पहिलो सूचक हो। यो कुराको स्मरण नगर्नु नै बहुलापनको लक्षण हो। जसले अरुको अस्तित्वलाई स्वीकार गर्न सक्दैन र आफूमात्र सबैथोक हुँ भन्छ त्यो नै बहुलापनको संकेत हो। मानसिक रुपमा विक्षिप्त भएको ब्यक्ति आफूसँग आफै रमाउँछ। एक्लै खुशी हुन्छ। एक्लै दुःखी पनि हुन्छ।

नेपालीहरुले देखेको सपनाको शोषण पटक-पटक भएको छ। राणाहरुबाट जहानियाँ शासनका रुपमा शुरु भएको यो राजनीतिक अभ्यासमा राजा त्रिभुवन पनि चुके। राजा महेन्द्रको महत्वाकांक्षाले तीस बर्षसम्म नेपालीहरु नागरिक बन्न सकेनन्। सधैँ रैती भएर बस्न बाध्य भए। लोकतन्त्रको पुर्नवहाली भएपछि नेपालीहरु नागरिक हुनेक्रमको विकास भएको छ। अहिले नेपाली नागरिक सार्वभौम शक्तिका रुपमा स्थापित भएका छन्। हरेक राजनीतिक दलहरुको परिक्षण अब नागरिकहरुबाट मात्र सम्भव छ। त्यसैले नागरिकहरुको सम्मान र उनीहरुको भावनाको कदर राजनीतिक दलहरुको पहिलो जवाफदेहिता हो। प्राथमिकतामा रहेको यो जवाफदेहिताबाट जब दल र दलका नेताहरु बेखबर हुन थाल्दछन्, कवीयत्री शीतल शर्माले मात्र होइन हरेक नागरिकहरु बोल्न र लेख्न थाल्नेछन्- नेता बहुला भएपछि, देश बहुलाउँदैछ।

# महान् नेताहरुबाट सिके हुन्थ्यो



यज्ञराज प्रसाई

नेपालमा गणतन्त्र शुरु भएको छ केही बर्षदेखि। गणतन्त्र भनेको परम्परागत निरंकुश तथा विभेदपूर्ण जीवन पद्धति माथि हस्तक्षेप हो। हिजोको पञ्चायती निरंकुशता र त्यसको लुटतन्त्र तथा २०४६ सालपछिको तथाकथित प्रजातन्त्रको पजेरो संस्कृतिविरुद्धमा नेपाली जनताले ठूलो त्याग र बलिदान गरेर ल्याएको गणतन्त्र नेपाली शासनसत्तामा आएको नयाँ संस्कृति पनि हो। अहिले हामी सहभागितामूलक लोकतन्त्रको अभ्यास गर्दैछौं।

राजनीतिक प्रक्रियाको कार्यान्वयनमा विस्तारित जनसहभागितालाई जोड दिने प्रक्रिया वा पद्धतिलाई 'सहभागितामूलक लोकतन्त्र' भनिन्छ। नीति निर्माणदेखि कार्यान्वयनको विभिन्न तहसम्म जनताको प्रत्यक्ष र सक्रिय सहभागितालाई सुनिश्चित गरेर सहभागितामूलक लोकतन्त्रलाई प्रवर्द्धन गर्न सकिन्छ। तर, अहिलेसम्मको शासनशैलीलाई हेर्दा परम्परागत प्रतिनिधिमूलक लोकतन्त्र भन्दा सहभागितामूलक लोकतन्त्र पृथक देखिएन।

हामीले देख्यौं निर्वाचनमा रकमको ठूलो चलखेल भयो। हिजो दुर्नाम चलेका ठूला तस्करहरु, जग्गा दलाल, रक्त चन्दनका तस्करहरु नै यतिवेला सत्तामा छन्। मत माग्न आउने एकजना उमेद्वारले स्वीकारोक्ति गरे मैले पार्टीलाई ३५ लाख बुझाउनुपर्ने भयो। यसको आशय ३५ लाखको ढोहो बुझाएर लिएको उम्मेदवारी विचारको उम्मेदवारी थिएन। यो उनको दलाली थियो र सारमा यो सरकार नोकरशाह



दलाल पुँजीपतिको सरकार हो। यसको काम नै लुटतन्त्र हो। चुनाव खर्चको क्षतिपूर्ति नै यसको अन्तिम अभिष्ट हो।

महँगा गाडीहरुको खरिद र सयर तथा संघ, प्रदेश तथा स्थानीय तहसम्मकै प्रतिनिधिहरुमा यतिबेला 'पजेरो संस्कृति या अभिजात्य रवाफको शुरुवात भएको छ। नयाँ चिल्ला गाडीहरुको खरिद र गाडीको वैभवपूर्ण यात्रा तथा तामझाम जनताको भोको पेट र करङ्गप्रतिको अन्याय हो भन्ने सोच र शुद्धी उनीहरुमा देखिँदैन। उनीहरुलाई थाह हुनुपर्ने हो परम्परागत चिन्तनबाट नयाँ समृद्ध नेपाल बन्दैन र नयाँ संस्कृति बन्दैन। देश निर्माण गर्न आत्मत्याग हुनुपर्छ भन्ने केही उदाहरण विश्वसामु छन्।

विकसित देशहरुमा आदर्श तथा सामान्य जीवनशैली अप्नाउने महान् नेताहरुको नामहरु हाम्रा अगाडि प्रशस्तै छन्। तर हाम्रोमा वाइडबडी जहाज खरिद भ्रष्टाचार र त्यससँग सम्बद्ध मन्त्रीहरुलाई बचाउ गर्ने सरकारको दुष्प्रयास ती महान् नेताहरुको अगाडि कति निन्दनीय छ ? सन् १९१७ को महान् वोल्सेविक क्रान्तिपछि लेनिन नयाँ सोवियत रुस निर्माणका नयाँ कार्यक्रम बनाउने क्रममा ठण्डा रुसको एउटा चिसो कोठामा कमरेडहरुसँग योजना कोर्दै थिए। उनी जाडोले लगलगाइरहेका थिए। त्यो देखेर स्थानीय जनताले हिटर ल्याइदिए र इञ्जिनियर बोलाएर कोठामा विद्युतीकरण गरिदिए। यो उनीप्रतिको जनताको संवेदनशीलता थियो।

भनिन्छ, १९२४ सम्म नै लेनिनले आफ्नो पुरानो कोटले काम चलाए। महात्मा गान्धि, होची मिन्ह, नेल्सन मण्डेला, क्रोएशियाकी वर्तमान राष्ट्रपति कोलिन्डा ग्राभर, नेदरल्याण्ड्सका वर्तमान प्रधानमन्त्री जस्टिन ट्रयुडो, पाकिस्तानका वर्तमान प्रधानमन्त्री इमरान खान, मेक्सिकोका वर्तमान राष्ट्रपति आन्द्रेस म्यानुअल लोपेज, अमेरिकी पूर्वराष्ट्रपति वाराक ओबामा सरल जीवनमा रहने महान् व्यक्तिहरु हुन्। उनीहरु आफ्नो देशका औसत जनता सरह बाँच्न चाहन्छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अहिले बार्षिक वेतन एक डलर मात्र लिन्छन्।

जब कि हाम्रा भ्रष्ट नेताहरु विशिष्ट व्यक्तित्वको लागि भनेर आजीवन सुविधाका लागि जिब्रो लपलपाइरहेका छन्। दोहोरो सुविधाको छिनाझपटीमा तछाड्-मछाड् गरिरहेका छन्। वाइडबडी खरिदमा अर्बौं भ्रष्टाचार गर्ने पर्यटनमन्त्रीहरु तथा गरीब जनताको बीचमा नयाँ गाडी चढेर उन्मादको शिर हल्लाउँदै हिँड्ने पदको उन्मादमा गर्वले फूलेका बेइमान नेताहरुले यी महान् नेताहरुबाट शिक्षा लिए हुन्थ्यो कि ? उनीहरुलाई थाह हुनुपर्छ देश आत्मत्याग, बलिदान र स्वार्थहीनताले मात्र बन्छ।



देवेन्द्रराज पाण्डे

हामीले (विवीले पनि) आर्थिक सामाजिक रणनीति कार्ल मार्क्स, भारतका जयप्रकास नारायण, लोहिया मात्र होइन, नेहरूबाट पनि केही लोकतान्त्रिक समाजवाद सिक्यौं होला । त्यस्तै पछि अमेरिकाबाट नवउदारवाद सिक्यौं । चीनबाट उनका सफल आर्थिक कदमहरु, असल आचरण सिकौं, राजनीतिक बिचारधारा होइन, पाइँदैन ।




खगेन्द्र संग्रौला

'सी विचारधारा'को भक्तिले सम्बन्धको समदूरी भत्काएर भारतसँग ह्वात्तै दूरी बढायो । दूरी मिलाउन अब कान समातेर उठबस गर्दै प्रतीकात्मक रूपले 'मोदी विचारधारा'को भजन गाइएला । कठै ! जो आफैँ आफ्नो मालिक होइन, ऊ हल्लिरहन्छ नर्कट झैँ कहिले माथिका मालिकतिर, कहिले तलका मालिकतिर !



मुमाराम खनाल

नेपालका बैंकहरू घर जत्तिकै पनि सुरक्षित रहेनन् । राष्ट्र बैंकबाट कम अन्तर-बैंकिङ ब्याजदरमा लिएको रकम ऋणीहरूलाई सम्भवतः संसारकै महँगो ब्याजदरमा ऋण प्रवाह गर्ने बैंकहरूको नाफामाथि 'पाप' कराएको त होइन ? नत्र सुरक्षाको बस्तोबस्तको लागि प्रविधिमा पनि त खर्च गर्नुपर्ने हो !



अक्षर काका

नेकपामा अहिले चीन कि भारततिर बफादार बन्ने होड चलेको छ । जनताप्रति बफादारिता त यिनको राजनीतिक, नीति, सिद्धान्तबाट ओझेल परिहाल्यो !



प्रेमा भट्टराई

सोच बदल्नुहोस् खुशी आफैं मिल्छ, स्वभाव बदल्नुहोस् इज्जत आफैं मिल्छ, कसैको पाउमा पर्न जरूरी छैन । सही बाटो रोज्नुहोस् गन्तव्य आफैं मिल्छ !



डम्बर खतिवडा

साम्यवाद छोडौं, समाजवाद पक्रौं, पुँजीवाद छोडौं, लोकतन्त्र पक्रौं, त्यसमा संघवाद, सुशासन र समृद्दि थपौं- अझ प्रकृतिवाद, प्रविधिवाद र खुशीवाद जोडौं । यही हो आजको सामाजिक लोकतन्त्र- नयाँ शताब्दीमा विचारधाराको पुनर्जन्म- समुन्नत संघीय समाजवाद । सीवादको हल्लामा लाग्नै पर्दैन ।

# रंगशाला र जनयुद्ध मार्गको स्तरोन्नति गर्ने मन्त्रीको प्रतिबद्धता



**अर्जुनधारा, असोज ९।** प्रदेश १ का आर्थिक मामिला तथा योजना मन्त्री इन्द्र आङ्बोले सबै क्षेत्रको विकाससँगै खेलकुद क्षेत्रमा परिणाम देखिने गरी विकास गर्ने बताएका छन् ।

शहिद टेक-मान रंगशाला निर्माण तथा व्यवस्थापन समिति र सयपत्री युवा समूहको संयुक्त आयोजनामा झापाको अर्जुनधारा-१ सिस्नेमा बुधबारदेखि शुरु भएको प्रथम टेक-मान प्रदेशस्तरीय खुल्ला नकआउट फुटबल प्रतियोगिताको उद्घाटन गर्दै प्रमुख अतिथि मन्त्री आङ्बोले सो कुरा बताएका हुन् ।

सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदानमार्फत् रंगशाला र जनयुद्ध मार्गको स्तरोन्नति गर्न आवश्यक बजेट प्रदेश सरकारले उपलब्ध गराउने मन्त्री आङ्बोले प्रतिबद्धता व्यक्त गरेका छन् ।

त्यसैगरी कार्यक्रममा टेकमान लिङ्दमका बुबा धनबहादुर लिङ्दम र मानबहादुर राईका दाजु आकाश राईलाई मन्त्री आङ्बोले दोसल्ला ओढाई सम्मानित गरेका थिए । टेकमान लिङ्दम र मानबहादुर राईले सशस्त्र द्वन्द्वको क्रममा २०५९ असोज १० गते सुरक्षा कारवाहीमा ज्यान गुमाएका थिए ।

रंगशाला निर्माण तथा व्यवस्थापन समितिका अध्यक्ष सूर्य लोहारको अध्यक्षतामा भएको कार्यक्रममा अर्जुनधारा-१ वडा समिति, खुदुनाबारी-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति र सिंहदेवी माध्यमिक विद्यालयकोतर्फबाट मन्त्री आङ्बोलाई ज्ञापनपत्र बुझाइएको थियो ।

कार्यक्रममा संविधानसभा सदस्य प्रेमबहादुर गिरी, नगर प्रमुख हरिकुमार राना, प्रमुख प्रशासकीय अधिकृत पंकज भूर्तेल, झापा जिल्ला फुटबल संघका अध्यक्ष भगीरथ आले 'मामा', हचुमासा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष युवराज लोहार, शान्ति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष तुलसीप्रसाद खतिवडा लगायतको आतिथ्य रहेको थियो ।

समितिका उपाध्यक्ष उपेन्द्र बस्नेतले स्वागत गरेको कार्यक्रमको सञ्चालन आर्थिक उपसमितिका संयोजक पवन खनाल र अतिथि सत्कार उपसमितिका संयोजक विष्णुलाल ढकालले गरेका थिए ।

प्रतियोगिताको उद्घाटन खेलमा आयोजक सयपत्री युवा समूहले इलामको तिनघरे युवा क्लबलाई १-० गोलअन्तरले पराजित गर्दै विजयी भएको थियो । आयोजकको जीतको लागि खेलको २५औं मिनेटमा रविन राईले हेड मार्फत गोल गरेका थिए । खेलको म्यान अफ दी म्याच घोषित आयोजकका गोलरक्षक विवेक मगरलाई संविधानसभा सदस्य गिरीले नगद पुरस्कार तीन हजार प्रदान गरेका थिए ।

झापासहित इलाम, मोरङ र सुनसरीका १० टिमको सहभागिता रहेको प्रतियोगिताको विजेता र उपविजेताले क्रमशः नगद पुरस्कार क्रमशः ५० हजार र ३० हजार प्राप्त गर्ने प्रचार-प्रसार उपसमितिका संयोजक डिबी दर्नालले बताए ।

# आवधिक योजनामा घरको संख्या पनि

**पाँचथर, असोज ९।** आवधिक योजना निर्माणलाई सहयोग पुऱ्याउने उद्देश्यले पाँचथरको याङ्वरक गाउँपालिकाले घरधुरीको तथ्याङ्क लिनका लागि स्टिकर टाँस्न शुरुवात गरेको छ ।

वस्तुगत विवरण तयार पार्नका लागि प्रत्येक घरको मोबाइल एप्स मार्फत संख्या लिन थालिएको गाउँपालिकाका अध्यक्ष लेखनाथ घिमिरले बताए ।

अहिले पहिलो चरणमा वडा नं. २, ४ र ६ मा घरको संख्या गणना गर्न थालिएको र बाँकी वडामा क्रमशः गणना गर्दै जाने उपाध्यक्ष कमलकुमारी योङहाङले जानकारी दिइन् । गाउँपालिकाले थालनी गरेको आवधिक योजना निर्माणमा संख्या घरको राख्दा धेरै सहज हुने उनले बताइन् ।

घर संख्याको आधारमा मोबाइल एप्स मार्फत उक्त घरको विस्तृत विवरण थाहा पाइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रवीणहाङ योङहाङले बताए ।

पारिवारिक विवरण, जग्गाजमीनको स्वामित्व, आर्थिक स्थिति, पेशा, व्यवसाय, अपाङ्गता, गर्भवती लगायत सबै विवरण थाहा पाइने गाउँपालिकाका कम्प्युटर अपरेटर गणेश खतिवडाले बताए । घरको सम्पूर्ण विवरण थाहा पाउने भएपछि गाउँपालिकालाई योजना निर्माणका क्रममा रणनीति बनाउन समेत सहयोग पुग्ने उनले बताए ।

# जुरेसमा चम्लागाई

**सुरुङ्गा, असोज ९।** कनकाई मावि सुरुङ्गा जेनिस चम्लागाईको अध्यक्षतामा जुनियर रेडक्रस सर्कल गठन गरिएको छ ।

आपत्कालीन अवस्थामा सेवा गर्ने, प्राथमिक उपचार तथा रेडक्रसले देखाएका आदर्शलाई पछ्याउँदै पुनर्गठन गरिएको समितिको उपाध्यक्षमा युगल खतिवडा, सचिवमा सार्थक निरौला, उपसचिवमा अंकिता दवाडी, कोषाध्यक्षमा लक्ष्मी पुरी र उपकोषाध्यक्षमा सुज्जल खडका चयन भएका छन् ।

त्यसैगरी, समितिका सदस्यहरुमा विराज ढकाल, रमा ओली, योगेन्द्र घिमिरे, प्रकृति राजवंशी र मनमाया कोइराला रहेका छन् । जुरेसको संरक्षकमा विद्यालयका प्रधानाध्यापक कर्णबहादुर डाँगी, शिक्षक नायकमा चन्द्रप्रसाद पोखरेल र शिक्षक सहयोगी नायकमा निर्मलादेवी भट्टराई चयन भएका छन् ।

# कनकाई नमूना युवा क्लबको नेतृत्व चयन

**सुरुङ्गा, असोज ९।** कनकाई नमूना युवा क्लब कनकाई-४ को अध्यक्षमा सुमन खनाल चयन भएका छन् ।


क्लबको अधिवेशनले खनालको अध्यक्षतामा सात सदस्यीय कार्यसमितिको चयन गरेको हो । समितिको उपाध्यक्षमा सुरज ओली, सचिवमा सुमन ओली र कोषाध्यक्षमा नवराज ढकाल रहेका छन् ।

त्यसैगरी, समितिको सदस्यहरुमा सबिन प्रसाई, प्रविनकुमार मैनाली र मनिष रिजाल रहेका छन् । समितिको सल्लाहकारमा हरिप्रसाद प्रसाई र कमलप्रसाद मैनालीलाई चयन गरिएको छ ।

२०७३ सालमा स्थापना गरिएको उक्त क्लबले टोल सरसफाई, वातावरण संरक्षण, युवाहरुलाई दुर्व्यसनबाट मुक्ति दिन सचेतना कार्यक्रम सञ्चालन लगायतका कार्यक्रम गर्दै आएको स्थानीय युवा भीष्म रिजालले बताए ।



नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**
(हल ए) नेपाली सिनेमा
**रातो टीका निधारमा**
पहिलो शो ११:४५
दोस्रो शो २:४५
तेस्रो शो ५:००
नाइट शो ६:००



(हल बी) नेपाली सिनेमा
**कबड्डी कबड्डी कबड्डी**
पहिलो शो ११:३०
दोस्रो शो २:३०
तेस्रो शो ४:४५
नाइट शो ६:०० *यो शो बुधबारसम्मको लागि मात्र*






नोटः रातो टिका निधारमा नेपाली चलचित्र यही शुक्रबारदेखि प्रदर्शन हुँदैछ । बुकिङ्ग खुल्ला भइरहेको छ । www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

**राजगढमा चलिरहेछन् यी चलचित्रहरु**
नयाँ रिलिज चलचित्रहरु
१०:०० बजे रातो टीका निधारमा (नेपाली)
१२:०० बजे रातो टीका निधारमा (नेपाली)
२:३० बजे रातो टीका निधारमा (नेपाली)
६:०० बजे रातो टीका निधारमा (नेपाली)
८:३० बजे रातो टीका निधारमा (नेपाली)




एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर**
**काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा**
स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही भाद्र २८ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउदै हुनुहन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)

**गमला बिक्रीमा**
सिमेन्टबाट बनेका गमलाहरू बिक्रीमा छन् ।
टप- २१ इन्च उचाई २३ इन्च साइजमा
चाहेको रंगमा उपलब्ध छ । मूल्य प्रतिगोटा रु. १०००।-
बिर्तामोड नगरपालिका भरी फ्रि होम डेलिभरीको सुविधा छ ।
रोशन उप्रेती (९८१५९९८३१९)
राजकुमार आचार्य (९८०४९०४२११)



**झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

**कोरियन भाषा** 한국어 にほんご
हाम्रा बिशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
बिहान ५ देखी साँझ ६ बजे सम्म कक्षा सञ्चालन
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital,Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

**अब फिजियोथेरापी उपचार मात्र रु. २५० मा**
वडा दशैंको शुभ उपलक्ष्य पारी सम्पूर्ण विरामी वर्गलाई विशेष छुटमा उपचार गराइँदैछ ।
उपचार हुने समस्याहरुः
- कम्मर दुख्ने, गर्दन दुख्ने, नशा च्यापिएको
- घुडा दुख्ने, घड्डी खिइएको, कुम जाम भएको
- शरीर झमझमाउने, लाटो हुने, मुख बाङ्गिएको आदि

यो अफर असोज महिना भर



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड-४, झापा अदुवा खोला पश्चिम दक्षिण हाइवेसँगै
(फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८)
*नोटः प्यारालायसिसका विरामी तथा एडभान्स फिजियोथेरापी गराउनु परेमा थप शुल्क लाग्नेछ । शर्तहरु लागू हुने छन् ।*

**आवश्यकता**
यस संस्थालाई एम्बुलेन्स सञ्चालन सहयोगी आवश्यक भएको हुँदा इच्छुक महानुभावले सम्पर्क राखनुहोला । साथै चालक समेत आवश्यकता छ ।
टंकनाथ सेवा समाज
बिर्तामोड-४, झापा (०२३-५४२९२१)

## वर्गीकृत विज्ञापन

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४


**कर्मचारी आवश्यकता**
मार्केटिङ मेनेजर : २ जना
*(सेलरीः १५,०००+पेट्रोल+कमिसन)*
सेल्स मेन : २ जना
*(सेलरीः १०,००० देखि १२,०००+पेट्रोल)*
अटो मेकानिक : ३ जना (अनुभवी)
*सेलरी : आपसी समझदारीमा*
अटो मेकानिक हेल्पर : १०,०००
*(खान/बस्न, फ्रेसले पनि हुनेछ)*
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

**गिटी बालुवा चाहिएमा**
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
फोनः ९८४२६५४४००
९८०४९५४४००

**फर्निचरसहितको अफिस बिक्रीमा**
बिर्तामोड भद्रपुर बस स्टेण्ड अगाडि चलिरहेको अफिस (सामान नयाँ रहेको ), पार्किङ स्थल भएको अफिस बिक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
मो. ९८२५९३३६६७

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना *(महिला/पुरुष)*
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०,
९८०१४१६८४१, ९८५२६७३९५५

**कन्काई हस्पिटल प्रा. लि.** बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा
डा.सन्तोष कु. मिश्र — वरिष्ठ ल्याप्रोस्कोपी तथा जनरल सर्जन, कलेजो पित्तथैली, पाचन प्रणालीको विशेषज्ञ दैनिक सेवा
डा.रोशन अटल — वरिष्ठ हाडजोर्नी नशा,बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
डा.पुष्पेन्द्र लिम्बु — वरिष्ठ ओब्स्टेट्रिसियन तथा गाइनेकोलोजिस्ट कंसल्टेन्ट विशेषज्ञ दैनिक सेवा
डा.डि.के. आचार्य — वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
डा.सबिन मानन्धर — नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
डा.मो.अक्तर अली — वरिष्ठ रेडियोलोजिस्ट तथा इमेजिङ विशेषज्ञ दैनिक सेवा
डा. गौरव राज ढकाल — MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
डा. मुक्ति आचार्य — MBBS, MD (TU), वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य — वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ, प्रत्येक बिहिबार
डा.सि.वि झा — वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।
२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसी सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा
जानकारी तथा नाम दर्ताको लागि

ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ । उपलब्धिका लागि दोहोऱ्याएर काम गर्नुपर्ला । संयम रहनुपर्ला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** काम पूर्ण नभए पनि मेहनतले आंशिक लाभ दिलाउनेछ । लेनदेनमा अलि होसियार रहनुहोला । साझेदारी व्यवसायमा विवाद पर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मेहनतले मान-सम्मान दिलाउनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ । बुद्धिले काम लिंदा चिताएको योजना बन्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** कामले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्ने छन् र सानो प्रयत्नले ठूलो काम बन्नेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** विशेष भेटघाटले काममा उत्साह बढाउला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । कीर्तिमानी काम गर्ने समय छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सामाजिक दायित्व बढ्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू पनि बढ्ने छन् । प्रेम प्रस्ताव आउन सक्ला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पछिका लागि केही वस्तु त्याग्नुपर्ला । तापनि मेहनतीहरूका लागि दिन फलदायी रहनेछ । टाढाका साथीभाइले काममा साथ दिने छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । टाढाका साथीहरूसँगको भेटघाटले खुशियाली छाउनेछ । कर्जामार्फत धन जुट्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । हात लागेको रकम अरूका लागि खर्च हुनेछ । सापटी दिएको रकमले तनाव गराउला ।

# इण्डो नेपाल कराते प्रतियोगितामा नेपाललाई १९ पदक




**गणेश अर्याल**

**इलाम, असोज ९।** इण्डो नेपाल कराते प्रतियोगितामा नेपालले १९ वटा मेडल हात पारेको छ। २४ वटा पदकका लागि भएको प्रतियोगितामा भारतले पाँच वटा गोल्ड मेडल प्राप्त गरेको छ।

भारत जस्तो सुबिधासम्पन्न भौतिक पूर्वाधार भएको मुलुकमा भएको प्रतियोगितामा नेपालको घाँसे चौरीमा अभ्यास गरेका खेलाडीको बर्चस्व कायम रहनु गर्वको कुरा भएको नेपाली टिमका कप्तान योगेश चाम्लिङले बताए।

भारतको कालिम्पोङ-गोरुबथानमा गत असोज ५ र ६ गते सञ्चालन भएको इण्डो नेपाल च्याम्पियन प्रतियोगितामा इलामका ११ वटा डोजोका ५२ खेलाडीहरुको सहभागिता रहेको थियो। प्रतियोगितामा रोङ गाउँपालिका कुटिडाँडा डोजोकी महिलातर्फ प्रिती बस्नेत ५० केजी तौल समूहमा प्रथम र उत्कृष्ट महिला खेलाडी घोषित भइन्। सोही डोजोकी बिमोचना गुरुङ ४५ केजीतौल समूहमा प्रथम र समिक्षा लेप्चा ५५ केजी तौल समूहमा प्रथम, रम्भ्याङ्ग डोजोकी आयुष्मा तामाङ २५ केजी तौल समूहमा प्रथम र ममता राई ३५ केजी तौल समूहमा द्वितीय र शान्तिपुर डोजोकी निशा राई ७० केजी माथिको तौल समूहमा द्वितीय भएका छन्।

त्यसैगरी पुरुषतर्फ कुटिडाँडा डोजोका कुनल भुजेल २० केजी तौल समूहमा प्रथम, बालकुमार भुजेल २५ केजी तौल समूहमा प्रथम, साहिल तामाङ ४५ केजी तौल समूहमा तेश्रो र निश्चल खवास ५० केजी तौल समूहमा प्रथम भएका छन्।

त्यस्तै देउमाई नगरपालिका मंगलबारे डोजो कमल राई ५५ केजी तौल समूहमा प्रथम, रोशन तामाङ ६५ केजी तौल समूहमा प्रथम, सुजन लाम्गादे ४० केजी तौल समूहमा द्वितीय, रन्जित राई ७५ केजी तौल समूह माथी द्वितीय र रन्जोक राई ७५ केजी तौल समूहमा द्वितीय भएका छन्। उक्त डोजोबाट पुरुष खेलाडी मात्र सहभागी थिए।

इलाम नगरपालिका इलाम डोजोकी महिलातर्फ एलिशा ठकुरी ४० केजी तौल समूह प्रथम, ईशा राई ३५ केजी तौल समूहमा प्रथम र इलाम डोजोका अजय राई ६५ केजीतौल समूहमा द्वितीय भएका छन्। त्यस्तै माई नगरपालिका दानाबारी डोजोकी महिलातर्फ सुमिना श्रेष्ठ ४० केजी तौल समूहमा द्वितीय, रबिना मगर ६० केजी तौल समूहमा प्रथम र पुरुषतर्फ सुमेश बिष्ट ३५ केजी तौल समूहमा प्रथम, विवेक लिम्बू ४० केजी तौल समूहमा प्रथम, सबिन मगर ६० केजी तौल समूहमा प्रथम, निरोज अधिकारी ४५ केजी तौल समूहमा द्वितीय भएका छन्।

त्यसैगरी सूर्योदय नगरपालिका आठघरे डोजोका सौगात राई ७० केजी तौल समूहमा प्रथम, सगुन राई ५५ केजी तौल समूहमा द्वितीय र सुर्योदय नगरपालिका पिसल्यान्ड स्कुल फिक्कल डोजोका सूचन राई ५० केजी तौल समूहमा द्वितीय, अनिल राई ३५ केजी तौल समूहमा द्वितीय, जेनिफर राना मगर ४० केजी तौल समूहमा द्वितीय, प्रज्ञामित लेप्चा ५० केजी तौल समूहमा तेश्रो र सूर्योदय नगरपालिका फिक्कल डोजोका बिभुषण कार्की ३० केजी तौल समूहमा प्रथम, सुयोग प्रधान ३५ केजी तौल समूहमा द्वितीय, रियाज प्रधान ३० केजी तौल समूहमा तेश्रो, सनम राई ४५ केजी तौल समूहमा प्रथम, रियाज द्वितीय, सुयोग तेश्रो भएका छन्। माईजोगमाई गाउँपालिका नयाँ बजार डोजोका भेषराज राई ७५ केजी प्रथम भएका छन्।

प्रतियोगितामा नेपालबाट गएका रेफ्री बिर्खबहादुर सुब्बा, प्रदिप प्रधान, दिपेश घिमिरे, रनबिर सुब्बाले निर्णायकको भूमिका निर्वाह गरेका थिए भने खगेन्द्र ठकुरी र नारायण कुटुवालले टिम कोचको भूमिका निर्वाह गरेका थिए।

# अरिंगालले टोकेर मृत्यु

**झापा, असोज ९।** उदयपुरमा अरिंगालले टोकेर एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा उदयपुरको कटारी नगरपालिका-९ लिम्पाटारका ३२ वर्षीय दलबहादुर परियार रहेका छन्।

आफ्नै घर नजिक रहेको चिलाउनेको रुखमा रहेको अरिंगालको गोलोमा आगो लगाउने क्रममा अरिंगालले टोकेर घाइते भएका परियारलाई उपचारका लागि कटारी अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको इलाका प्रहरी कार्यालय कटारीले जनाएको छ।


असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

**प्रधान कार्यालय : मेचीनगर-६, काँकरभिट्टा**

## कर्जा बुझाउन आउनेबारे सूचना

*प्रकाशित मिति : २०७६/६/१०*

**यस संस्थाको भद्रपुर कार्यालयसाग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुदा यो सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ। अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ।**

**तपसिल**

| क्र.सं. | ऋणीको नाम | कर्जा नं. | ठेगाना | ऋणीको बाबु | ऋणीको पत्नी/पति | जग्गाधनीको नाम | ऋणी र श्रीमती को फोटो |
|---|---|---|---|---|---|---|---|
| १. | धनबहादुर तामाङ | १३-७९-००००४७७० | भद्रपुर-५ | लाखमान तामाङ | सीतादेवी राई | सीतादेवी राई | |
| २. | रन्जित सहनी | १३-७१-०००१२०८ | भद्रपुर-५ | स्व. बैजनाथ सहनी | सुनिता सहनी | रन्जित सहनी | |

**– भद्रपुर कार्यालयगत समिति**


# सबैको समृद्धिको तेस्रो सभा

**बिर्तामोड, असोज ९।** बिर्तामोड-३ स्थित सबैको समृद्धि बहुउद्देश्यीय सहकारी संस्थाको तेस्रो साधारणसभा सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष बोधराज दाहालको अध्यक्षता तथा प्रदेश सांसद झलकसिंह दर्लामीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो। कार्यक्रममा संस्थाका अध्यक्ष दाहालले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

संस्थाको कूल शेयर पुंजी ५० लाख ७० हजार एक सय रुपैयाँ, निक्षेप ४२ लाख ७८ हजार पाँच सय ९८ रुपैयाँ, शेयर सदस्य सात सय १० जना रहेको प्रतिवेदनमा उल्लेख छ।

दाहालले कृषि क्षेत्रमा लगानी गर्ने, सदस्यहरुको विमा व्यवस्थापन गर्ने, आयमूलक क्षेत्रमा लगानी गर्ने भावी कार्यक्रम रहेको बताए। कार्यक्रममा प्रमुख अतिथि दर्लामीले सहकारीहरुलाई व्यवस्थित पार्न प्रदेश सरकारले समेत मापदण्डसहितको ऐन ल्याउन लागेको बताए।

कार्यक्रममा बिर्तामोड-३ का वडाध्यक्ष भोजराज सिटौला, बिर्तामोड नगरपालिकाका सहकारी तथा सामाजिक शाखाका प्रमुख डिल्ली दाहाल, जनमैत्री बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष ज्योतिसिंह दर्लामी, जनशक्ति कृषि सहकारी संस्थाका अध्यक्ष हिमालयप्रकाश कन्दङ्वा, पत्रकार इन्द्रसिंह राजवंशी लगायतले शुभकामना मन्तब्य राखेका थिए।

कार्यक्रममा उत्कृष्ट बचतकर्ता उमेशकुमार दास, उत्कृष्ट ऋणी सुवेदा खातुन, उत्कृष्ट बाल बचतकर्ता अप्सन खड्का, उत्कृष्ट अवधि बचतकर्ता भरतकुमार पाठक र उत्कृष्ट व्यवस्थापक पुण्यप्रसाद प्रसाईलाई सम्मान गरिएको थियो।

संस्थाकी सहसचिव पुष्पा उप्रेतीले स्वागत गरेको कार्यक्रमको सञ्चालन उपाध्यक्ष खड्गबहादुर तिम्सिनाले गरेका थिए।

# राजपाको वडा समिति

**बिर्तामोड, असोज ९।** राष्ट्रिय जनता पार्टी नेपाल बाह्रदशी- ४ वडा कार्यसमितिको अध्यक्षमा बशन्त गणेश चयन भएका छन्।

नवगठित समितिको उपाध्यक्ष नजरा खातुन, सचिव जयप्रकाश गणेश, सहसचिव अमरजीत शर्मा रहेका छन्। त्यसैगरी सदस्यहरुमा मालदार मिया, सुलेमान मिया, सारजन मिया, ज्ञानदेव गणेश, किरण राजवंशी, गिरजादेवी महतो, सुकारु ताजपुरिया, मेहमुद मिया, नितु राय, समसाद मिया, राधादेवी शर्मा, मनोजकुमार गणेश, त्रिवेनी शाह, शाद्धिक मिया, अनन्तीकुमारी गणेश रहेका छन्।

त्यस्तै क्षेत्रीय प्रतिनिधिहरुमा सूर्यनारायण गणेश, डुमरलाल ताजपुरिया, इन्द्रसिंह राजवंशी, अयुव आलम, कदमलाल गणेश रहेका छन्।

पार्टीका पूर्व गाउँसमिति उपाध्यक्ष डुमरलाल ताजपुरियाको अध्यक्षता तथा पार्टीका केन्द्रीय उपाध्यक्ष बिश्वनाथसिंह राजवंशीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पार्टीका जिल्ला अध्यक्ष मण्डल सदस्य सूर्यनारायण गणेश, सुन्दरलाल शाह, पूर्व राजगढ गाउँ समिति उपाध्यक्ष अमृतलाल राजवंशी, सत्यनारायण राजवंशी, धर्मेन्द्र शर्मा लगायतले शुभकामना दिएका थिए।


## भूमिसुधार तथा मालपोत कार्यालयबाट जारी भएको जिल्ला झापा गाविस/नपा साविक पाराखोपी वडा नं. १ हाल नपा अर्जुनधारा वडा नं. ८ बस्ने श्री नाम थाहा नभएकाको छोरा बलबहादुर कुमालका नामको १५ दिने समाह्वान।

**उप्रान्त जिल्ला झापा गापा/नपा अर्जुनधारा वडा नं. ७ बस्ने मोहनकृष्ण ढकालले मेरा नाउमा दर्ता रहेको साविक गाविस/नपा पाराखोपी वडा नं. १ हाल गापा/नपा अर्जुनधारा वडा नं. ८ को कि.नं. १६७४ को ज.वि. ०-१-४ को मो.ल.क गरी पाउँ भनी यस कार्यालयमा फिराद पत्र दिएको हुनाले सो फिरादपत्रको नक्कल समेत यसै साथ पठाइएको छ। तसर्थ तपाईंले म्याद पाएका वा घर दैलामा टाँस भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र प्रति उत्तर र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई अड्डा खुलेका समयमा यस कार्यालयमा हाजिर हुन अफै आउनु वा कानून बमोजिम वारेस वा कानूनी व्यवसायी पठाउनु होला। ऐन बमोजिम पूर्पक्ष हुनेछ आफ्नो लिखत प्रमाण सक्कल/नक्कल प्रतिउत्तर पत्रको साथमा दाखिल गर्न नसके ऐन बमोजिम हुनेछ। सो म्यादभित्र प्रतिउत्तर लिई आफू पनि आउनु भएन र वारेस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुनेछ। पछि तपाईंको उजुर लाग्ने छैन।**

**ईति सम्वत् २०७६ साल भाद्र महिना १५ गते रोज १ शुभम्।**

## भूमिसुधार तथा मालपोत कार्यालयबाट जारी भएको जिल्ला झापा गाविस/नपा साविक पाराखोपी वडा नं. १ हाल नपा अर्जुनधारा वडा नं. ८ बस्ने श्री नाम थाहा नभएकाको छोरा लालबहादुर कुमालका नामको १५ दिने समाह्वान।

**उप्रान्त जिल्ला झापा गापा/नपा अर्जुनधारा वडा नं. ७ बस्ने मोहनकृष्ण ढकालले मेरा नाउमा दर्ता रहेको साविक गाविस/नपा पाराखोपी वडा नं. १ हाल गापा/नपा अर्जुनधारा वडा नं. ८ को कि.नं. १६७६ को ज.वि. ०-१-१६ को मो.ल.क गरी पाउँ भनी यस कार्यालयमा फिराद पत्र दिएको हुनाले सो फिरादपत्रको नक्कल समेत यसै साथ पठाइएको छ। तसर्थ तपाईंले म्याद पाएका वा घर दैलामा टाँस भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र प्रति उत्तर र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई अड्डा खुलेका समयमा यस कार्यालयमा हाजिर हुन अफै आउनु वा कानून बमोजिम वारेस वा कानूनी व्यवसायी पठाउनु होला। ऐन बमोजिम पूर्पक्ष हुनेछ आफ्नो लिखत प्रमाण सक्कल/नक्कल प्रतिउत्तर पत्रको साथमा दाखिल गर्न नसके ऐन बमोजिम हुनेछ। सो म्यादभित्र प्रतिउत्तर लिई आफू पनि आउनु भएन र वारेस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुनेछ। पछि तपाईंको उजुर लाग्ने छैन।**

**ईति सम्वत् २०७६ साल भाद्र महिना १५ गते रोज १ शुभम्।**






# माछा अध्ययन स्रोतकेन्द्रका अभियन्ता बन्दै उपसचिव पाण्डे



नेपाली समाजमा उपसचिवसम्मको सरकारी जागिरे जीवनलाई निकै प्रतिष्ठाको रुपमा हेरिन्छ । यो स्तरसम्मको मानिसको बाँकी जीवन आरामसाथ बित्नुपर्ने नै हो । अझ नेपाली समाजमा सरकारी सेवाबाट निवृत्त व्यक्तिको गाउँको बास विरलै देख्न सकिन्छ ।

३०/३५ वर्षसम्म नेपाल सरकारको अधिकृत स्तरदेखि मुख्य सचिवसम्मको ओहोदामा काम गरिसकेका राष्ट्रसेवकको निवृत्त जीवन गोठ, खेती र पाखापखेरामा बित्यो भनेको सुन्दा अनौठो लाग्छ । सरकारी सेवाको उच्च पदमा आसीन भइसकेका सरकारी कर्मचारीको सेवाकालीन सेवासुविधा, अतिरिक्त कमाई राम्रै हुन्छ । यो आमनेपाली सोचाई मात्र होइन, यथार्थ पनि हो ।

२०/२५ वर्षे युवा झैं नयाँ शक्ति सोच र ऊर्जाका साथ उदाहरणीय कार्यमा फर्केका यस्ता उदाहरण थोरै मात्र हाम्रासामु छन् । जागिर जीवनसँगै आफूले वर्षौंसम्म अनुभव गरेका कुरालाई आम नागरिकसामु साटासाट गर्ने र समाज रुपान्तरणको प्रेरणाको स्रोत उदाहरणका पात्र बनेका छन्- झापाका सेवानिवृत्त उपसचिव युवराज पाण्डे ।

पूर्वी पहाडी जिल्ला तेह्रथुमको तत्कालीन छातेढुंगा गाविसको ढोडेनीमा जन्मेका पाण्डेले ३७ वर्षको जागिरे जीवनमा उपसचिव पदबाट सेवानिवृत्त भएपछि एक सफल माछापालक किसान बन्ने र समाजलाई आत्मनिर्भरताको पाठ सिकाउने गुरु बनेका छन् उनी । हाल झापाको बिर्तामोड निवासी पाण्डेले २०३९ सालमा गौरादहस्थित भद्रकाली माविमा शिक्षण पेशा शुरु गरी जागिरे जीवनको यात्रा प्रारम्भ गरेका हुन् । २०५१ सालमा नेपाल सरकारको निजामति सेवातर्फ विद्यालय निरीक्षक पदमा नियुक्ति भएका उनी उपसचिव पदमा बढुवा भएपछि शैक्षिक तालिमकेन्द्र झापामा प्रमुख तथा जिल्ला शिक्षा कार्यालय भापामा उपसचिव पदमा कार्यरत हुँदा बिर्तामोड नगर शिक्षा प्रमुखसम्मको जिम्मेवारी वहन गर्दै ३७ वर्षे जागिरे जीवन व्यतित गरी २०७६ साल साउनदेखि सेवानिवृत्त भए ।

आखिर राज्यले बसी खान छुट्टी दिए पनि उनको युवा जोस र जाँगर माछापोखरीमा माछासँगै खेल्ने रहरमा परिणत भयो । उनको गोरेटो शिक्षक, विद्यालय निरीक्षक र उपसचिवदेखि सफल व्यवसायीसम्म आइपुग्यो । आफ्नो पैतृक सम्पत्ति र जीवनभरको कमाईमा जोडिएको अर्जुनधारा-५ लक्ष्मीपुरको तीन विगाह जग्गामा माछा फर्म खोलेका छन् । पूर्व-पश्चिम राजमार्गको लक्ष्मीपुरचोकबाट एक किमी उत्तरमा 'चाँदनी बहुमुखि कृषि फर्म'को नाममा गत जेठदेखि सञ्चालनमा आएको फर्म निकट भविष्यमा माछा सम्बन्धी अध्ययन गर्ने स्रोतकेन्द्रका रुपमा विकास गरिने भएको छ । अहिले एक विगाहमा चार वटा पोखरीमध्ये एउटामा भुराको नर्सरी तयार गरिएको छ । निर्मल पोखरीमा शाकाहारी वर्गका पंगास, कार्प, रोहु, नैनी, कमनकार्प, ग्रासकार्प र सिल्भरकार्प जातका माछा पौडी खेलिरहेका छन् । अहिले माछा पोखरीमा एरोएटर अक्सीजन प्रवाह गर्ने प्रणाली जडान गरिएको छ । जसले पोखरीमा माछालाई स्वासप्रश्वास प्रणालीमा सहज हुनेछ । जेठमा छोडिएको भुराले चार महिनापछि यही असोजको आन्तरिक उत्पादन दिने भएको छ । आगामी हिउँदमा छ वटा पोखरी निर्माण गरिने लक्ष्य रहेकोमा दुई वटामा भुरावृद्धि नर्सरी बनाइने छ भने सात वटा पोखरीमा माछा उत्पादन गरिने छ ।

माछा पोखरीको वरिपरी ३० फिटको सडक निर्माण गरी विभिन्न जातका फलफूलका बिरुवा तथा तरकारी खेती गरिएको छ । यसले माछा फर्मलाई हरियाली बगैंचाभित्रको मनोरम दृश्यावलोकनको स्थल समेत निर्माण गरेको छ । यस अतिरिक्त फर्मको पश्चिमतिर सुविधासम्पन्न रेष्टुरेण्ट निर्माणाधीन अवस्थामा रहेको छ । फर्मको विशेषता भनेको यो व्यवसायिक मात्र नभई शैक्षिक म्युजियम समेत बन्ने भएको छ । यस फर्मलाई भविष्यमा माछा सम्बन्धी अध्ययन, अवलोकन र प्रयोगशालाको रुपमा समेत विकास गरिने लक्ष्य राखिएको छ । नेपालका धेरै माछा उत्पादन केन्द्र भए पनि सबै व्यवसायिक मात्र छन् र माछा सम्बन्धी अध्ययन गर्ने विज्ञ उत्पादन हुन सकेका छैनन् । त्यसैले चाँदनी कृषि फर्म मुलुकको प्राविधिक शिक्षाको लाागि स्रोतकेन्द्र बन्न सक्ने दाबी पाण्डेले गरेका छन् । 'नेपालमा प्रसस्तै अनुसन्धान केन्द्र छन्, तर एकाडेमिक अध्ययन केन्द्र छैनन्, यो अभावलाई चाँदनी कृषि फर्मले पूरा गर्ने लक्ष्य राखेको छ' -सञ्चालक पाण्डे भन्छन् ।

उनले माछा सम्बन्धी अध्ययन नगरे पनि तीन दशकको जागिरे जीवनमा धेरै समय किसानसँगै बढी सम्पर्क भएकोले व्यवहारिक ज्ञान हासिल गरेको र कतिपय इन्टरनेटको सहायताले सिकेको बताउँछन् उनी । नेपालमा माछापालक किसानले सामान्य तालिम लिए पनि एकाडेमिक ज्ञान नभएकोले धेरै समस्या झेल्नु परेको ठम्याई उनको छ । यो फर्म आम वेरोजगार युवाको लागि मार्गदर्शक हुने उनले विश्वास लिएका छन् । बैंकिङ स्रोतले व्यवसाय शुरु गरेका पाण्डेले पाँच-पाँच कठ्ठा बराबरको तीन वटा पोखरीबाट पहिलो लटमा एकलाख केजी उत्पादन हुने बताएका छन् ।

लक्ष्मीपुर-मदनपुर सडकखण्डमा पर्ने यस फर्मले पछि परेका ग्रामीण समुदायलाई केही गर्नुपर्छ भन्ने भावनाको सञ्चारमात्र गराएको छैन, वातावरणीय र पर्यावरणीय क्षेत्र तथा पर्यटकीय र आर्थिक पक्षलाई समेत राम्ररी सहयोग पुर्‍याउने अपेक्षा गर्न सकिन्छ । यो कृषि फर्म ग्रामीण क्षेत्रको विकास र समृद्धिको कोषेढुंगा सावित भएको छ । व्यवसायले मानिसलाई सानो ठूलोको भेदभाव राख्दैन । बरु यसले आम मानिसलाई समृद्धिको गोरेटोमा अघि बढाउन सकिन्छ भन्ने सवक सिकाएको छ । यस्तो उद्यमी र व्यवसायीलाई स्थानीय सरकारले पनि सकेसम्म आत्मवल बनाउने कोशिस गर्ने हो भने गाउँ-शहर सम्बन्ध तथा अविकास हटाउने कुरामा विश्वास गर्न सकिन्छ ।

**प्रस्तुति : पूर्णबहादुर कटुवाल**

# दुई सञ्चारकर्मीसहित १२ जना सम्मानित



**सुरुङ्गा, असोज ९।** कनकाई नगरपालिका- २ जामुनबारीस्थित सरस्वती माविले विद्यालयलाई महत्वपूर्ण योगदान दिने दुई सञ्चारकर्मीसहित व्यक्तिहरुलाई सम्मान तथा अभिनन्दन गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोले दोसल्ला ओढाएर सम्मानपत्रद्वारा उनीहरुलाई सम्मान गरेका थिए । कार्यक्रममा प्रदेश सभा सदस्य हिराकुमार थापालाई अभिनन्दन गरिएको थियो भने कनकाई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेल, वडा नं. १ का वडाअध्यक्ष रोशन पोखरेल, समाजसेवी श्यामसुन्दर ओली, घनेन्द्रराज खनाल, दोमकला अधिकारीलाई ताम्रपत्रद्वारा सम्मान गरिएको थियो ।

त्यस्तै पत्रकार रामप्रसाद निरौला, लीलाराज झापाली, मित्रजंग कार्की, कल्पना नेपाल, धननारायण श्रेष्ठ, स्वर्गीय कृष्णप्रसाद श्रेष्ठ (मरणोपरान्त) लाई सम्मान गरिएको थियो । सोही कार्यक्रममा शिक्षकद्वय अम्बिकाप्रसाद रिजाल र सरिता थापालाई सम्मानसहित विदाइ गरिएको विद्यालयका प्रधानाध्यापक तुलसी कार्कीले बताएका छन् ।

कार्यक्रममा स्व. दुर्गाप्रसाद र मनमाया ओलीको स्मृतिमा स्थापना गरिएको अक्षयकोषवाट दाताका तर्फबाट अनिरुद्र ओलीले विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरेका थिए भने एक्सेल बैंकका तर्फबाट बैंकका कर्मचारी शिव गिरी र सुरुङ्गा शाखा प्रमुख गोपाल लोहनीले विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम गिरीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यार्थी एन्जीला रिमालले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा शिक्षक मित्रजंग कार्कीले विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा प्रदेश सभा सदस्यद्वय हिराकुमार थापा र झलकसिंह दर्लामी, कनकाई नगरपालिकाकी उपप्रमुख मञ्जु प्रसाई, शारदा पाठक, घनेन्द्रराज खनाल, शिव गिरी, श्यामसुन्दर ओली, खेमराज सिटौला लगायतले शुभकामना मन्तव्य राखेका थिए । विविध सांस्कृतिक कार्यक्रम गरिएको कार्यक्रमको सञ्चालन शिक्षक सूर्यप्रसाद अधिकारीले गरेका थिए ।

# अनुपले ल्याए 'संसारै बैमानी'




अनुप ओझाको स्वर, शब्द र संगीतमा रहेको गीत 'संसारै बैमानी' म्युजिक भिडियोसहित सार्वजनिक भएको छ । गत वर्ष उनले 'वारिको डाँडामा म' बोलको गीत सार्वजनिक गरेका थिए ।

'संसारै बैमानी' मा दशक लामो द्वन्द्व र संक्रमणबाट गुज्रिएको नेपाली समाज, अवसरको खोजीमा विदेशिने तन्नेरी र बैमानीको पासोमा परेर बदलिन बाध्य भएको तन्नेरीको परिवर्तन समेटिएको छ ।

गीतको भिडियोमा विजय बराल, प्रकाश गन्धर्व, प्रकास दाहाल, भावना थापा लगायतको अभिनय रहेको छ । प्रदिप लामाको कोरियोग्राफी रहेको गीतको भिडियोलाई सफल केसी र प्रतिक गुरूङले निर्देशन गरेका हुन् ।

# शिखरको सहकारी जागरण



**बिर्तामोड, असोज ९।** शिखर बचत तथा ऋण सहकारी संस्थाले गरामनीका शेयर सदस्यहरुको सहभागितामा सदस्य जागरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

संस्थाको नवौं स्थापना दिवसको अवसर पारेर उक्त कार्यक्रम आयोजना गरिएको संस्थाका अध्यक्ष दिपेन्द्र राउतले बताए । सदस्यहरु भनेका संस्थाको सम्पत्ति हुन्, सदस्यहरु शिक्षित र सुसूचित भएमात्र संस्थाले उपलब्धि हासिल गर्ने उनले बताए ।

कार्यक्रममा संस्थाको आर्थिक गतिविधि तथा सामाजिक गतिविधि बारेमा छलफल गर्दै संस्थाको भावी योजना तथा दिगो विकासमा सदस्यहरुको भूमिकाबारे सदस्यहरुलाई जानकारी गराइएको थियो । नवौं वार्षिक उत्सवको अवसरमा संस्थाले विभिन्न कार्यक्रम सार्वजनिक गरे बमोजिम पहिलोपटक सदस्य जागरण तथा अन्तरक्रिया कार्यक्रम गरेको अध्यक्ष राउतले बताए ।

बिर्तामोडमा मुख्य कार्यालय रहेको शिखर साकोसले सहकारीको भिडमा छुट्टै परिचय बनाउन सफल भएको संस्थाका सचिव हिमालय प्रसाईले बताए । कार्यक्रममा हाम्रो शिखर कृषि सहकारी संस्थाका अध्यक्ष घनेन्द्रकुमार पाण्डेले शिखर साकोसले बैंक तथा वित्तीय संस्थाले उपलब्ध गराएको सेवासुविधाभन्दा बढी सुविधा उपलब्ध गराएको बताए ।

त्यस्तै सहभागीको तर्फबाट खेम सिटौलाले सहकारी संस्थामा सम्पूर्ण सञ्चालक स्थानीय भएकार्ले संस्था पूर्ण सुरक्षित र विश्वसनीय भएको बताए । संस्थाले नवौं स्थापना दिवसको अवसरमा असोज ११ गते रक्तदान र १५ गते विपन्नलाई लत्ताकपडा, खाद्यान्न वितरण कार्यक्रमको आयोजना गरेको बताइएको छ । कार्यक्रमको सञ्चालन संस्थाका व्यवस्थापक लीलानाथ रेग्मीले गरेका थिए ।


UAE को अवुधावीमा PSBD Security गार्डमा महिला तथा पुरुषको आवश्यकता

कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE शहर : ABU DHABI

पूर्व स्वीकृति मिति : २०७६/०३/१३ चलानी नं. ६०१४१२८० L.T. NO. 221678

| कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६०, ००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

पूर्व स्वीकृति मिति : २०७४/०६/२२ चलानी नं. ६०११८३६८ L.T. NO. 196877

पुन : पूर्व स्वीकृति मिति : २०७६/०३/०९ चलानी नं. ३०६०

| कामदारको पद | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 175 | 2000 | ६०, ००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : उचाई : महिलाको हकमा ५ फिट भन्दा माथि र पुरुषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ ।
कम्तीमा एसएलसी पास गरेको र राम्रोसंग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
अर्न्तवार्तामा आउँदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउँनु पर्नेछ ।

APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट असोज १२ गते (29 Sept. 2019) आइतवार होलिडे होम बिर्तामोडमा हुनेछ ।

Lic No. 689/063/064

सन लाइट ह्युमन रिर्सोस प्रा.लि.

सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८

मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813



'खेलको सान शहीदको सम्मान स्थानीयको प्रवर्द्धन हाम्रो अभियान'

वडादशैं, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा

प्रदेश स्तरीय खुल्ला टेकमान स्मृति फुटबल प्रतियोगिता

यही मिति २०७६ असोज ८ गतेदेखि १७ गतेसम्म

खेल तालिका

सयपत्री युवा समूह – तीनघरे युवा समूह, इलाम : २०७६।०६।०८
टाँडी युवा समूह, मोरङ – श्री नयाँ श्रीनाथ गण, आर्मी : २०७६।०६।१०
चन्द्रगढी फुटबल एकाडेमी, चन्द्रगढी : २०७६।०६।१०
२०७६।०६।१२
२०७६।०६।१४
बिर्तामोड युनाइटेड क्लब – रोलिङ क्लब, धुलावारी : २०७६।०६।०९
शिवसताक्षीधाम युवा क्लब, किलमिले : २०७६।०६।१३
क्षेत्रीय सशस्त्र प्रहरी, पकली – सैनिक युवा क्लब, सैनिक : २०७६।०६।११
२०७६।०६।१५

फाइनल खेल २०७६ असोज १७

आयोजक: शहीद टेक-मान रंगशाला निर्माण तथा व्यवस्थापन समिति तथा सयपत्री युवा समूहको संयुक्त आयोजनामा, अर्जुनधारा-१, सिस्ने, झापा



प्याकेजिङ्ग हेल्पर र नेपाली टेक्सी ड्राइभरहरुलाई २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मिति: २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब AED | तलब NR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Packing Helper | ८० (पुरुष) | ८००।- | २३,८२५।- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

नोटः UAE को राजधानी अवुधावीका लागि अरबिया टेक्सी WLL बाट १०० जना नेपाली लाइट ड्राइभरहरुको माग भई आएको छ । बेसीक सेलरी 800 DHS भएता पनि कमीसनसहित 4700 DHS सम्म कमाइ गर्न सकिने छ ।

सगुन ओभरसिज सर्भिसेज प्रा.लि.

श्रम इजाजत नं. ३९६/०६०/०६१

पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)